# नेपालमा बारुदी सुरुङ्ग समस्या अध्ययन प्रतिवेदन

# Landmine Monitor Report

**(सन् २००२)**

प्रकाशक

बायन लायण्ड माइन्स क्याम्पेन नेपाल
सीता पाइला, रिङ्गरोड
पोष्ट बक्स नं. : ५८४०, काठमाडौं नेपाल
फोन / फ्याक्स नं. : २७७४२८
ईमेल : ncbl@mail.com.np

कृति : नेपालमा बारुदी सुरुङ्ग समस्या अध्ययन प्रतिवेदन (सन् २००२)

प्रकाशक : बायन लायण्ड माइन्स क्याम्पेन नेपाल

सर्वाधिकार : बायन लायण्ड माइन्स क्याम्पेन नेपाल

मिति : २०५९ माघ

मूल्य : ५०/-

आवरण तस्वीर :

पछाडिको आवरण :

कभर डिजाइन :

## प्रकाशकको तर्फबाट

नेपालमा वारुदी सुरुङ्गको समस्या दिन पर दिन वढ्दै गए पछि हरेक दिन युवा, वृद्ध तथा केटाकेटीहरु यस वारुदी सुरुङ्गको शिकार हुन थालेका छन् । समयमा नै त्यस समस्यालाई गम्भिर भएर वुभ्mन सकिएन भने यो समस्या भविष्यमा अभ्mै विकराल वन्दै जान सक्नेछ भन्ने टुङ्गोमा पुगी वायन लायण्ड माइन्स क्याम्पेन नेपालले नेपालको वारुदी सुरुङ्ग प्रतिवन्ध नीति, वारुदी सुरुङ्गको प्रयोग, किसिम, भण्डारण, आयात तथा निर्यात, वारुदी सुरुङ्ग सचेतनता कार्यक्रम, वारुदी सुरुङ्गलाई निश्क्रिय तथा नष्ट पार्ने तथा घाइतेहरु सम्वन्धी नीति र उनीहरुको उपचारको व्यवस्था आदि विषयमा जानकारी लिन सकियोस भन्ने उद्देश्यले १९९९ देखि नेपालमा वारुदी सुरुङ्ग समस्या अध्ययनको थालनी गरेको थियो । उक्त अध्ययनवाट नेपालमा विशेष गरी घरेलु माइनहरु प्रशस्त मात्रामा प्रयोग गरिएको जानकारी प्राप्त भएकाछन् । त्यस अध्ययनको सिलसिलामा नेपालमा प्रयोग भएका माइन्सका फोटोहरु, वारुदी सुरुङ्गवाट घाइते भएका एवं मरेका व्यक्तिहरुका केहि फोटोहरु संकलन गर्ने मौका प्राप्त भयो । २००१ मा प्राप्त  भएका तथ्य तथ्यांकहरुलाई आधार मानेर वायन लायण्ड माइन्स क्याम्पेन नेपालले वारुदी सुरुङ्ग समस्या अध्ययन २००२ पनि सम्पन्न गरेको छ ।

यस अध्ययन कार्यलाई सफल बनाउनको लागि परराष्ट्र राज्य मंत्री श्री अर्जुन जंग बहादुर सिंह, सांसद प्रकाश ज्वाला र रक्षा मंत्रालयलेका प्रवक्ता भोला सिलवाल, गृह मन्त्रालयका प्रवक्ता गोपेन्द्र बहादुर पाण्डे, प्रहरी नायव महानिरिक्षक गोविन्द प्रसाद थापा, प्रहरी सहायक उपरिक्षक रवि राज थापा, जिल्लाका राजनैतिक कार्यकर्ताहरु, घाइतेहरु, भु.पू.सैनिकहरु, शिक्षक, बिद्यार्थी, कर्मचारी आदिबाट तथ्यहरु संकलन गरिएको छ । तथ्यहरु संकलन गर्दा टेप, लिखित तथा मौखिक प्रश्नहरु, पत्र पत्रिकाहरुको रिपोर्ट संकलन आदी बिधि प्रयोग गरिएका छन् । सम्भब भए सम्म फोटोहरु खिच्ने या खिचिएका फोटोहरु भए संकलन गर्ने गरिएको छ । उक्त अध्ययन कार्यमा पत्रकारज्यूहरुवाट पनि ठूलो सहयोग प्राप्त भएको छ ।

मार्च १९९९ देखि २००२ सम्मलाई हेर्ने हो भने माओबादीहरु तथा सरकारी पक्षबाट घरेलु माइनहरुको प्रयोगमा उल्लेखनिय रुपमा बृद्धि गरिएको छ । त्यस भन्दा वाहेक कारखाना निर्मित माइन्सहरु पनि प्रयोग हुने गरेको भनी स्थानिय जन समुदायहरुवाट उल्लेख भएको छ । तर उक्त माइन्सहरु के हुन् भन्ने जानकारी प्राप्त भएको छैन । सरकारले मानव विरुद्ध लक्षित बारुदी सुरुङ्ग (Antipersonnel Mines) को भण्डारण गरेको छ छैन भन्ने कुरा हाल सम्म अस्पष्ट रहेको छ । विष्फोटनको घटना र घाइतेहरुको आधारमा भन्ने हो भने यो वर्ष नेपालको ७१ जिल्ला प्रभावित देखिन्छ ।

वायन ल्याण्डमाइन्स क्याम्पेन नेपालले यस अध्ययनको सारांशलाई प्रकाशित गरी पाठकहरु समक्ष पुर्‍याउने जमर्को गरेको छ । यसलाई पाठकहरुले अध्ययन गरी यस सम्वन्धी प्रतिकृया पठाई आगामी दिनको अध्ययन कार्यलाई सहज र तथ्ययुक्त वनाउन सहयोग पुर्‍याउनु हुनेछ भन्ने यस संस्था आशा गर्दछ । यहांहरुको सानो सहयोगले वारुदी सुरुङ्गलाई प्रतिवन्ध गर्ने काममा ठूलो सहयोग पुग्नेछ । धन्यवाद ।

बारुदी सुरुङ्ग विरुद्धको अन्तराट्रिय अभियान (ICBL) को अपिल

- मानव बिरुद्ध लक्षित बारुदी सुरुङ्गका प्रयोग, उत्पादन, भण्डारण, विक्रि, स्थानान्तर, निर्यातको विश्वव्यापी रुपमा प्रतिवन्ध गरौं ।
- बारुदी सुरुङ्ग प्रतिवन्ध सन्धि (Mine Ban Treaty) लाई सहि गरौं, अनुमोदन गरौं, लागू गरौं र अनुमोदन गरौं ।
- बारुदी सुरुङ्ग नष्ट गर्न सचेतनता अभियान कार्यक्रमहरु संचालन गर्ने श्रोतहरु वृद्धि तथा परिचालन गरौं ।
- घाइतेहरुको पुनस्थापना तथा सहयोगको लागि श्रोतहरुको वृद्धि तथा परिचालन गरौं ।

## धारा २
## *परिभाषा*

मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mine)

१. व्यक्तिको उपस्थिति, सामिप्य वा संसर्गबाट विस्फोट हुने गरी तयार गरिएको वारुदी सुरुंङ्ग (Mines) र जसले एक वा एक भन्दा बढी व्यक्तिलाई अपाङ्ग बनाउने, चोट पुऱ्याउने अथवा मार्ने, लाई जनाउँदछ । यसको बिपरित यातायात (सवारी) को उपस्थिति, सामिप्य वा संसर्गबाट बिस्फोट हुने एन्टी हेन्डलिङ डिभाइस (Anti Handling Devices) ले सज्जित वारुदी सुरुंङ्गलाई यसको प्रकृतिको कारणले मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mine) मानिदैन ।

२. बारुदी सुरुङ्ग भन्नाले जमीन मुनी, जमिनमा, जमिन निर वा अन्य जमिनका सतहमा बिछ्याउने र व्यक्ति वा सवारी साधनको उपस्थिति, सामिप्य वा संसर्गबाट विस्फोट हुने किसिमले तयार गरिएको युद्ध वा घातक सामाग्रीलाई वारुदी सुरुंङ्ग (Mines) जनाउँदछ ।

३. वारुदी सुरुंग (Mines) को सुरक्षार्थ तथा त्यसको पूर्जा वा त्यस संग सम्बन्धीत वा जोडिएको वा मुन्तीर जडान गरिएको उपकरण नै एन्टी हैन्डलिंग डिभाइस हो । वारुदी सुरुंगलाई असर पार्ने काम हुने वितिकै वा वाधा उत्पन्न गर्ने वित्तिकै यो कियाशील हुन्छ ।

४. मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mine) राखिएको क्षेत्रको हस्तान्तरणलाई हैन बरु राष्ट्रिय भूमि भित्र वा भूमिवाट मानव बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mine) को भौतिक आवागमनको साथै वारुदी सुरुंगको स्वामित्वको हस्तान्तरण वा नियन्त्रणलाइ " हस्तान्तरण" (Transfer) भनिन्छ ।

५. वारुदी सुरुंग (Mines) को अबस्थिति वा अवस्थितिको आशंकाका कारण खतरनाक ठानिएको क्षेत्रलाई वारुदी सुरुंग "प्रभावित क्षेत्र" (Mined Area ) भनिन्छ ।

## *धारा ६*
## *अन्तर्राष्ट्रिय सहयोग तथा सहायता*

१. यस महासन्धी अनुरुप आफ्नो दायीत्व निर्बाह गर्दा प्रत्येक राज्य पक्षको सम्भब भएसम्म अर्को राज्य पक्षसंग सहायता खोज्ने र सहयोग प्राप्त गर्ने अधिकार हुनेछ ।

२. प्रत्येक राज्य पक्षले यो महासन्धीको कार्यान्वयनका सम्बन्धमा संयन्त्र सामान र वैज्ञानिक तथा प्राविधिक जानकारी सहजै आदान प्रदान गर्न पाउनु पर्छ तथा पूर्णरुपले सहभागिता हुन पाउनु पर्छ । मानवीय उद्धेश्यका लागि सम्बन्धित प्राविधिक जानकारी तथा बारुदी सुरुङ्ग हटाउने संयन्त्रका प्राबधान माथि राज्य पक्षले अनाबश्यक दवाब दिन पाउने छैन ।

३. प्रत्येक राज्य पक्षले त्यस्तो गर्नु पर्ने अवस्थामा बारुदी सुरुङ्गवाट शिकार भएकाहरुको हेरचाह तथा पुनर्वास तथा सामाजिक र आर्थिक पुनस्थापना तथा बारुदी सुरुङ्ग सचेतनता कार्यकमका लागि सहायता दिनुपर्छ । यस्ता सहायता अन्य संस्था, संयुक्त राष्ट संघको व्यवस्था, अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय संगठन वा संस्थाहरु, रेडकस

अन्तर्राष्ट्रिय समिति, राष्ट्रिय रेडक्रस तथा रेड क्रेस्सेन्ट सोसाइटीहरु र तिनका अन्तर्राष्ट्रिय महासंघ गैर सरकारी संस्थाहरु मार्फत अथवा द्विपक्षीय आधारमा दिन सकिन्छ ।

४. प्रत्येक राज्य पक्षले त्यस्तो गर्नुपर्ने अवस्थामा बारुदी सुरुङ्ग हटाउन तथा सम्बन्धित काम कारवाहीका लागि सहायता प्रदान गर्नेछ । यस्ता सहायता अन्य संस्था, संयुक्त राष्ट्र संघको व्यवस्था, अन्तराष्ट्रिय वा क्षेत्रीय संगठन वा संस्थाहरु, गैर सरकारी संस्थाहरु तथा संगठनहरु मार्फत अथवा द्विपक्षीय आधारमा अथवा संयुक्त राष्ट्र संघ भोलन्टरी ट्रस्ट फण्ड फर एसिस्टेन्स इन माइन क्लियरेन्स (United Nations Voluntary Trust Fund for Assistance in mine clearance) अथवा वारुदी सुरुंङ्ग हटाउने काममा लागेका अन्य क्षेत्रीय कोष मार्फत दिन सकिन्छ ।

५. हरेक राज्य पक्षले त्यस्तो गर्नु पर्ने अबस्थामा भण्डारन गरिएका मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines ) को विनाशको लागि सहायता दिनेछ ।

६. संयुक्त राष्ट्र संघीय व्यवस्था अन्तर्गत स्थापित खास गरी बारुदी सुरुङ्ग हटाउने बिभिन्न उपाय र प्रविधि, बिशेषज्ञहरुको सूची, बिशेषज्ञ एजेन्सीहरु अथवा सम्बन्धित कामका सम्पर्कका राष्ट्रिय स्थानहरुका जानकारी हरेक राज्य पक्षले तथ्याङ्कको आधारमा दिनेछ ।

७. संयुक्त राष्ट्रसंघ, क्षेत्रीय संगठन, अन्य राज्य पक्षहरु अथवा अन्य सक्षम सरकारी अथवा गैर सरकारी संस्थालाई आफ्नो अधिकारीहरुले बिस्तारपूर्बक बारुदी सुरुङ्ग (Mines) निस्क्रिय तुल्याउन ( Demining ) कार्यक्रमको सहयोग गरी अरु कुराहरुका अतिरिक्त निम्न कुराहरु निर्धारण गर्ने:

क) मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines) समस्याको सीमा र क्षेत्र

ख) यो कार्यक्रम कार्यान्वयन गर्न आवश्यक आर्थिक, प्राविधिक तथा मानव साधन

ग) सम्बन्धित राज्य पक्षको अधिकार क्षेत्र अथवा नियन्त्रण भित्रका बारुदी सुरुङ्ग बिछ्याइएको क्षेत्रहरुबाट मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines) को बिनाश गर्न लाग्ने आवश्यक अनुमानित बर्ष

घ) बारुदी सुरुङ्ग दुर्घटनाबाट हुने मृत्यूका घटना न्यून गर्न बारुदी सुरुङ्ग सचेतनता कार्यक्रम

ङ) बारुदी सुरुङ्गका शिकार भएकाहरुलाई सहायता

च) यी कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित राष्ट्रका सरकार तथा सम्बन्धित सरकारी, अन्तर सरकारी अथवा गैर सरकारी संस्था बिचका सम्बन्ध

८. यस धारा अन्तरगत सहायता दिने वा लिने प्रत्येक राज्य पक्षले सहमत भएका सहायता कार्यक्रम पूर्ण तथा शिघ्र लागु गर्न सहयोग गर्नेछ ।

# नेपालमा बारूदी सुरूङ्ग समस्या अध्ययन प्रतिवेदन
*(सन् २००२)*

<u>नेपाल रिपोर्ट</u>

**मे २००१ देखिका मुख्य विकासक्रमहरु :**

आन्तरिक शसस्त्र द्वन्दको तीब्रताको साथै माओवादीहरुले बारुदी सुरुङ्गको प्रयोग पनि बढाउदै लगेका छन् । नेपाल अधिराज्यका ७५ जिल्ला मध्ये ७१ जिल्लामा बारुदी सुरुङ्गको घटनाहरु घटेका छन् जुन गतवर्ष ३७ जिल्लामा सीमित थियो । बारुदी सुरुङ्ग बिरुद्धको अभियान नेपालद्धारा तयार पारिएको प्रतिवेदन अनुसार सन् २००१ मा १४८ वटा बारुदी सुरुङ्ग र इमप्रोभाइज्ड इक्स्प्लेसिभ डिभाइसेज (Improvised Explosive Devises - IEDS )को घटनामा २१४ जना मारिइको र २१० जना घाइते भएका छन् । राज्य शक्तिहरु प्रहरी र सेना दुवैले एन्टि पर्सनल माइनको प्रयोग गरिरहेको गंभीर अवस्था देखिन्छ ।

**बारुदी सुरुङ्ग प्रतिवन्ध नीतिः**

नेपालले अहिलेसम्म बारुदी सुरुङ्ग प्रतिवन्ध गर्ने सन्धीमा हस्ताक्षर गरेको छैन । २५/१०/२०५८ मा भएको "संकतकाल र बारुदी धराप" बिषयक राष्ट्रिय गोष्ठीलाई सम्बोघन गर्दै परराष्ट्र मन्त्री अर्जुन जंग बहादुर सिंहले भन्नु भयो,"बारुदी सुरुङ्ग प्रतिबन्ध गर्ने सन्धीको अध्ययनको हामी अन्तिम चरणमा पुगेका छौ र हामी सन्धीको नजिकै पुग्न लागिसकेका छौ ।"[१] उक्त राष्ट्रिय गोष्ठीमा विभिन्न राजनीतिक पार्टीहरुका नेताहरु र साँसदहरुले बारुदी सुरुङ्ग प्रतिबन्ध गर्ने प्रतिबद्धता जाहेर गर्नु भएको थियो ।[२] परराष्ट्र मंत्रालयका एक बरिष्ठ अधिकारीले एक अन्तवार्तामा "भारत लगायतका दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सदस्य राष्ट्रहरुले बारुदी सुरुङ्ग प्रतिवन्ध गर्ने सन्धीमा हस्ताक्षर गरेका छैनन् भने नेपाल एक्लैले गर्ने कुरै आँउदैन भन्नु भयो ।"[३] त्यसै गरी अन्य अधिकारीहरुले पनि बारुदी सुरुङ्ग प्रतिबन्ध गर्ने कुरामा निकै सकारात्मक धारण प्रस्तुत गर्नु भएको छ । रक्षा मंत्रालयका प्रवक्ता श्री ......ले "बारुदी सुरुङ्ग प्रतिवन्ध गर्ने ओटावा सन्धीमा हस्ताक्षर गर्नु पर्छ किनकि यसले बारुदी सूरुङ्गको प्रयोगमा नियन्त्रण गर्छ भन्नु भयो ।"[४] गृह मंत्रालयका प्रवक्ता श्री गोपेन्द्र बहादुर पाण्डेज्यूले भने "यदि त्यो (ओटावा सन्धीं) हस्ताक्षर गरेर नेपालमा बारुदी सुरुङ्गको प्रयोग रोकिन्छ भने तुरुन्त हस्ताक्षर गर्नु पर्छ भन्नु भयो ।[५] प्रहरी उप–महानिरीक्षक श्री गोविन्द बहादुर शाहज्यूले "व्यक्तिगत रुपमा म नेपालको ओटावा सन्धीमा हस्ताक्षर गर्नु पर्दछ भन्ने कुरामा विश्वास गर्छु भन्नु भयो ।"[६]

---

[१] मन्तव्य, राज्य सहायक मन्त्री श्री अर्जुन जंग बहादुर सिंह काठमाण्डौं ७ फेवुअरी २००२

[२] मन्तव्य, संकतकाल र बारुदी धराप विषयक राष्ट्रिय गोष्ठी, काठमाण्डौं, फेब्रुअरी २००२

[३] अन्तर्वार्ता राम भक्त पि.भि.ठाकुर, उप सचिव, परराष्ट्र मन्त्रालय सितल निवास, काठमाण्डौं ९ जनवरी २००२

[४] अन्तर्वार्ता, भोला सिलवाल, प्रवक्ता, रक्षा मन्त्रालय, काठमाण्डौं, २८ जनवरी २००२

[५] अन्तर्वार्ता गोपेन्द्र बहादुर पाण्डे, प्रवक्त गृह म्रत्रालय, सिंह दरवार ३० जनवरी २००२

[६] अन्तर्वार्ता गोविन्द प्रसाद शाह, प्रहरी महा उपरिक्षक, प्रहरी (Academy), महाराजगंज, १५ जनवरी २००२

१२/२६/२०५८मा संसदले आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५९ पारित गऱ्यो जसमा बमको परिभाषामा 'बारुदी सुरुङ्गलाई' पनि समाविष्ट गरेको छ ।[७] यसको व्यवहारिक प्रभाव के हो भने प्रहरी अथवा सेनाले बाहेकका अन्य नागरिकले विना प्रमाण पत्र (Laisence) प्राप्ती गर्नु वा उपयोग गर्नु गैरकानूनी हुनेछ ।

जस्तै नेपालले संयुक्त राष्ट्र संघको साधारण सभाको Landmines प्रतिवन्ध तर्फ उन्मुख प्रस्ताव ५६/२४ एम ( 56 / 24 M) मा सन् २००१ को नोभेम्बरमा हस्ताक्षर गरेको छ । तर सन् २००१ को सेप्टेम्बरमा मनागुवामा भएको बारदी सुरुङ्ग माथिको प्रतिवन्ध सन्धीको राज्य पक्षको तेश्रो बैठकमा भने नेपालले विगतमा जस्तो पर्यवेक्षकको रुपमा सहभागी भएन । परम्परागत हतियार संबन्धी अभिसन्धी (Convention on Convenational Weapons )को नेपाल राज्यपक्षको सदस्य नभएकोले यसले सन् २००१ को CCW दोश्रो पुनरावलोकन सम्मेलन प्रक्रियामा पनि सहभागिता जनाएन ।

**विद्रोहीहरुद्धारा प्रयोग :**

बढ्दो द्धन्द र शान्ति बार्ताको असफलता पश्चात माओवादीद्धारा घरेलु बारुदी सुरुङ्गको प्रयोगमा बृद्धि भएको छ । बारुदी सुरुङ्ग विरुद्धको अभियान नेपालले रिकर्ड गरिए अनुसार अधिराज्यका ७५ जिल्लामध्ये ७१ जिल्लामा बारुदी सुरुङ्गको प्रयोग भएको पाइएको छ ।[८] गत वर्ष बारुदी सुरुङ्गको प्रयोग ३७ जिल्लामा भएको पाइएको थियो ।[९]

सांसद श्री प्रकाश ज्वालाका अनुसार सन् २००१ देखि माओवादीहरुले हरेक जिल्लामा बारुदी सुरुङ्ग प्रयोग गर्ने उद्देश्यले माइनिङ ग्रुप खडा गरी तालिम प्रदान गर्दै आएको छ ।[१०] उहाँले दाङ जिल्लामा ७/९/२०५८ मा भएको घटनाका बारेमा भन्नु भयो त्यहाँ विद्रोहीहरुको समूहले आक्रमण गर्दा भारी संख्यामा बारुदी सुरुङ्गको प्रयोग भएको थियो ।

माओवादीहरुले सेना, प्रहरी, प्रधान न्यायधिस, अन्य प्रतिनिधिहरु, नेपाल रेडक्रस सोसाइटीका सदस्यहरु, सांसदहरु, शिक्षकहरु र अन्य क्षेत्रका प्रतिनिधिहरुलाई लक्ष्य गरि धराप (एम्बुस) प्रयोग गरेका छन् ।[११] आक्रमणका लागि प्रयोग गरिएका बाहेक माओवादीहरुले प्रतिरक्षात्मक प्रयोजनका लागि उनीहरुले आफ्नो कब्जामा भएका क्षेत्रहरुमा सरकारी शक्तिलाई प्रवेश गर्न नदिन बारुदी सूरुङ्गको प्रयोग गर्ने गरेका छन् ।[१२]

एक प्रहरी अधिकृतका अनुसार माओवादी विद्रोहीहरुले मानिसहरुको सम्पर्कबाट सक्रिय हुने र स्वीच अनुसार विस्फोटन हुने दुवै प्रकारका बारुदी सुरुङ्गहरु प्रयोग गर्दछन् ।[१३] सम्पर्कबाट सक्रिय हुने (

---

[७] आतंककारी तथा विद्धवंशकारी (नियन्त्र तथा सजाय ), नेपाल गजेट, अंक ५१, अतिरिक्ताकं नं ४८, भाग २, २०५८, बमको परिभाषा बृदतहरु..... NCBL ले नवेम्वर २००१ देखि जनवरी २००२ सम्ममा ८२ जना व्यक्तिहरुसित अन्तर्वार्ता लिइएको थियो । र NCBL, नेपालमा बारुदी सुरुङ्गको खतरा भाग IV २००१ प्रकाशित (यो पत्र पत्रिकाहको लेख रचना र समाचारहरुको संकलन)

[८] Landmines Monitor Report २००१ को पेज ५६ हेर्नुहोस्

[९] Landmines Monitor Report २००१ हेर्नुहोस्

[१०] अन्तर्वार्ता, प्रकाश ज्वाला, सांसद, प्रतिनिधिसभा, काठमाण्डौं २० फेब्रुअरी २००२

[११] NCBL, नेपालमा बारुदी सुरुङ्गको बढ्दो खतरा भाग IV २००१ प्रकाशित (यो पत्र पत्रिकाहको लेख रचना र समाचारहरुको संकलन)

[१२] सुवाचन्द्रन, शान्ति र तनाव अध्यायन संस्था "The use of Landmines by non state actors in India and Nepal" नयाँ दिल्ली पेज ९

[१३] अन्तर्वार्ता, गोविन्द प्रसाद थापा, प्रहरी नायव महानिरिक्षक, प्रहरी प्रतिस्थान, महराजगंज, 15 January 2002

प्रेसर कुकर माइन) र ट्रीपवायर माइन पर्दछन् ।[१४] एक सुत्रका अनुसार माओवादी बिद्रोहीहरुले प्रयोग गर्ने बारुदी सुरुङ्गहरु मध्ये धेरै जसो भारतको पिपल्स वार ग्रुपले प्रयोग गर्ने बारुदी सुरुङ्गसंग मिल्दाजुल्दा छन् । भनिन्छ मओवादीहरुको उनीहरुसंग निकट संबन्ध छ । उनीहरुले स्टीलका भाँडाहरु (प्रेशर कुकर वा धातुका पाइपहरु ) जिलेटीन र सामान्य विस्फोट गराउने उपकरणको प्रयोग गर्दछन् ।[१५]

**सरकारद्धारा प्रयोग**

सरकारी शक्तिहरु सेना र प्रहरीले एन्टिपर्सनल माइन प्रयोग गर्छन भन्ने कुरा लगातार रुपमा उठी रहेको छ ।[१६] वास्तवमा सेनाको प्रवक्ताले Landmines मोनिटरसंग स्वीकार्नु भयो कि सेनालाई बारुदी सुरुङ्ग प्रयोग गर्न तालिम दिइन्छ र सेनाले प्रहरीलाई पनि प्रशिक्षण दिइन्छ ।[१७] गत वर्ष सेनाले बारुदी सुरुङ्गको भण्डारण गरेको र त्यसबाट प्रहरीलाई केही बारुदी सुरुङ्गहरु उपलब्ध गराएको कुरा सांसदहरुले उठाउनु भएको थियो ।[१८]

बारुदी सुरुङ्ग प्रभावित जिल्लाका एक सांसाद श्री सुवाष कर्माचार्ज्यूले १०/२९/२०५८ मा ल्याण्डमाइन्स मोनिटरलाई भन्नु भयो "सिन्धुपाल्चोक जिल्लामा प्रहरीले राखेको बारुदी सुरुङ्ग पड्केर बनेको प्वाल अझैसम्म पनि देख्न सकिन्छ । प्रहरीले विछ्याएको बारुदी सुरुङ्गबाट प्रहरीको मृत्यु भएको छ ।"[१९] एक समाचारका अनुसार अछाम जिल्लामा २०५८ माघ महिनामा भएको एक बारुदी सूरुङ्ग विस्फोटनमा २ जना केटाकेटी मारिएको र अन्य ६ जना घाइते भएको उल्लेख छ र उक्त बारुदी सुरुङ्ग प्रहरीले विछ्याएको आशंका छ ।[२०] तर एक प्रहारी अधिकारीले भने "हामी प्रहरीहरु अरुलाइ झुक्याएर मार्दैनौ र हामी एम्बुस र बारुदी सुरुङ्ग पनि प्रयोग गर्दैनौं ।[२१]

राष्ट्रिय संचार माध्यमले सेनाले पनि माओवादीका विरुद्ध बारुदी सुरुङ्गको प्रयोग गर्दै आएको आरोप लगाएको छ ।[२२] यो विश्वास गरिन्छ कि सेनाले जाँचचौकी र व्यारेकको वरिपरि बारुदी सुरुङ्ग विछ्याउने गर्छन ।[२३] ११/२३/२०५८ को एक बहुप्रचारित घटनामा रुकुम जिल्लाको शंख गाविसस्थित

---

[१४] अन्तर्वार्ता, घाइते र संकलित फोटोहरु, कतिपय माइन्सहरु घामको रापबाट समेत विस्फोट हुने पाइएको छ ।

[१५] सुवा चन्द्रन, शान्ति र तनाव अध्ययन संस्था, "The use of Landmines by non state actors in India and Nepal" नयाँ दिल्ली पेज ९

[१६] Landmines Monoter Report २००१, पेज ५६३

[१७] अन्तर्वार्ता, भोला सिलवाल, प्रवक्ता, रक्षा मंत्रालय काठमाण्डौं २८ जनवरी २००२

[१८] Landmines Monoter Report २००१ पेज ५६३

[१९] सुभाष कर्माचार्य, सांसाद, प्रतिनिधिसभा, ११ फेब्रअरी २००२

[२०] दृष्टि साप्ताहिक १३ फेब्रअरी २००२

[२१] रविराज थापा, Depty Inspector General ( प्रहरी सहायक उपरिक्षक ) शसस्त्र प्रहरी बल, काठमाण्डौं ७ फेब्रअरी २००२

[२२] उदाहरणको लागि हेर्नुहोस् "सेनाको प्रत्याक्रमणमा ७ जना माओवादीको मृत्यु" राजधानी दैनिक, ३१ डिसेम्वर २००२

[२३] अन्तर्वार्ता खेममान खड्का, सभापति जिल्ला विकास समिति, ११ मार्च २००२

एक जाँच चौकि पार गर्ने क्रममा जब भगवती गौतमले मुल सडक छोडेर अघि बद्ने वित्तिकै बारुदी सुरुङ्गमा टेक्न पुगिन् र उनले दाँया खुट्टा गुमाइन् ।[२४]

## उत्पादन, ओसार पसार र भण्डारण

सरकारले एन्टी पर्सनल माइन्स बनाउछ कि बनाउँदैन भन्ने कुरा अज्ञात नै छ । ल्याण्डमाइन्स मोनिटरको अधिल्लो संस्करणमा एक पुष्टि नभएको विवरणमा एक प्रहरी सर्जनले सरकारले दुइ साना फ्याक्ट्रीमा एन्टी पर्सनल माइन्स बनाउने र ग्रेनेड र अन्य खजाना बनाउने गरेको उल्लेख गरेका थिए ।[२५] यस वर्ष रक्षा मंत्रालयका प्रवक्ताले भने "स्वयम्भू, सुन्दरीजल र गट्ठाघरमा बनाइने विस्फोटक पदार्थ असली बारुदी सुरुङ्ग होइन तिनीहरु त विभिन्न प्रकारको विस्फोटनका प्रयोगमा ल्याइन्छ । सडक विभाग र अन्य निर्माण कम्पनीहरुले सरकारसंग स्वीकृति प्राप्त गरेपछि सो विस्फोटक पदार्थहरु किन्ने गर्छन ।"[२६]

माथि उल्लेख गरिए बमोजिम सेनासंग निश्चित रुपमा एन्टी पर्सनल माइन्सको भण्डार छ । त्यसको आपूर्तिको बारेमा थाहा हुन नसके पनि कारखाना निर्मित माइनहरु पनि प्रयोग भएको बताउछन् र कतिपय माइनहरु ५ देखि ९ किलोग्रामसम्मका तौलको चापले विस्फोटन हुने गरि बनाइएका छन् ।[२७]

माओवादीहरुले पनि मानिसहरुको सम्पर्कले सक्रिय हुने घरेलु बारुदी सुरुङ्ग (जसलाई इम्प्रोभाइज्ड एक्स्प्लोसिभ डिभाइसेज, IED भनिन्छ) पनि उलेख्य मात्रामा उत्पादन गर्न सक्ने क्षमता प्रदर्शन गरिसकेका छन् । सरकारले माओवादीहरुलाई देश बाहिरबाट डेटोनेटर र बिष्फोटक प्रदार्थ भिकाएको आरोप लगाएको छ ।[२८] माओवादीहरुलाई हातहतियार उपलब्ध गराउने गोरखपुरस्थित दुइ पसलहरुमा भारतीय प्रहरीले छापामारेको छ । हातहतियारको अवैध ओसार पसार रोक्नका लागि नेपाल र भारत सरकारले आ–आफ्नो सुरक्षा शक्तिहरुलाई समन्वयात्मक ढंगले निगरानी गर्ने सहमति बनाएका छन् ।[२९]

## बारुदी सुरुङ्गको समस्या

नेपालको सुदूर पश्चिमको केही जिल्लाबाट शुरु भएको बारुदी सुरुङ्गको प्रयोग राजधानी काठमाण्डौं लगायत अधिराज्यका सम्पूर्ण जिल्लाहरुमा फैलिसकेको छ । बारुदी सुरुङ्ग विरुद्धको अभियान नेपाल (NCBL) ले संकलन गरेको विवरण अनुसार अधिराज्यका ७५ जिल्लामध्ये ७१ जिल्लामा बारुदी

---

[२४] बुधवार साप्ताहिक २० मार्च २००२, गाँउ बसि सक्नु छैन (हिमल मासिक, २९ मार्च १३ अप्रिल २००२, टेलिफोन अन्तर्वार्ता, प्रकाश ज्वाला, साँसद, प्रतिनिधि सभा, १० मार्च २००२, अन्तर्वार्ता, भगवती गौतम टि.यू. अस्पताल ११ मार्च २००२

[२५] Landmines Montor Report २००१ पेज ५६४

[२६] अन्तर्वार्ता, भोला सिलवाल, प्रवक्ता, रक्षा मंत्रालय, काठमाण्डौं २८ जनवरी २००२

[२७] खोपमान खड्का, सभापति, जिल्ला विकास समिति काठमाण्डौं ११ मार्च २००२

[२८] NCBL, नेपालमा बारुदी सुरुङ्गको बढ्दो खतरा भाग IV, २००१, (पत्रपत्रिकाहरुको लेख रचना, समाचारहरुको संकलन)

[२९] चेतन पन्त ७ डिसेम्बर २००१

सुरुङ्गको समस्या छ । ल्याण्डमाइन्स मोनिटर प्रतिवेदन २००१ मा यस्ता जिल्लाहरुको संख्या केबल ३७ मात्र रहेको थियो ।[३०]

### बारुदी सुरुङ्ग संवन्धी कारबाही

माओवादीद्धारा विछ्याइएका बारुदी सुरुङ्गहरु नष्ट गर्नको लागि सेनाले माइन्स डिस्पोजल टीम स्थापना गरेको छ ।[३१] एक प्रहरी अधिकृतको अनुसार “लामो दुरीबाट गोली हानी बारुदी सुरुङ्गलाई निष्क्रिय पारिन्छ र त्यसबाहेक निष्क्रिय पार्ने अन्य कुनै उपाय छैन ।[३२] “प्रहरीसंग बारुदी सुरुङ्गलाई निष्क्रिय पार्ने तालिम तथा प्रविधि नभएकोले उनीहरु आवश्यकता अनुसार सेनालाई जानकारी गराउँछन् ।
बारुदी सुरुङ्ग संवन्धी जनचेतना जगाउनको लागि बारुदी सुरुङ्ग विरुद्धको अभियान नेपाल (NCBL) ले भिडियो डकुमेन्ट्री बनाई विभिन्न जिल्लाहरुमा प्रदर्शन गरिसकेको छ । जनचेतना अभिवृद्धि गर्ने कार्यमा NCBL लाई सहयोग गर्ने धारणा एक प्रहरी अधिकारीले व्यक्त गरेका छन् ।[३३]

### बारुदी सुरुङ्गबाट भएको क्षति

NCBL द्वारा संकलित प्रतिबेदनका अनुसार सन् २००१ मा १४८ र IED बाट र बारुदी सुरुङ्ग बाट २१४ जनाको मृत्यु भएको थियो भने २१० जना घाइते भएका थिए । ती मध्ये १ वर्षदेखि १५ वर्षसम्मका ३३ बालबालिका १९ महिला र ३७२ पुरुषहरु रहेका थिए । ४२४ घाईते र मृत्यु भएका मध्ये ७१ जना नागरिकहरु थिए । सन् २००० मा १७८ जना दुर्घटनामा परेका मध्ये ९४ जनाको मृत्यु भएको थियो भने ८४ जना घाइते भएका थिए जसमध्ये ५९ जना नागरिक थिए । NCBL को प्रतिबेदन सांसदहरु, विभिन्न राजनैतिक दलहरु, संकटकालिन अवस्थाको घोषणा पछि सेना र माओवादीहरुको गतिविधिहरुको अनुगमनको लागि गठित विशेष अनुगमन समिति, संचार माध्यम र व्यक्तिगत अन्तर्वातामा आधारित छ । सेना, प्रहरी र प्रभावित क्षेत्रमा बसोबास गर्ने मानिसले विभिन्न श्रोतहरुलाई जानकारी उपलव्ध गराउँछन् । बारुदी सुरुङ्गबाट भएको क्षति यकिन गरी तथ्याङ्क संकलन गर्ने कुनै आधिकारिक संयन्त्र नभए पनि गृह मंत्रालयका प्रतिनिधिले भने, “बारुदी सुरुङ्गबाट मात्रै मर्ने र घाईते हुनेको यकिन तथ्याङ्क छैन तर विस्फोटनबाट मर्नेहरुको संख्या भने सानो छैन“ ।[३४]

### जीवितहरुको लागि सहयोग

“बारुदी सुरुङ्ग बाट घाइते भएकाहरुको लागि विशेष व्यवस्थाहरु नगरिएको भएता पनि माओवादीसंगको द्धन्दमा घाइते भएकाहरुको लागि नेपालले विशेष व्यवस्था गरेको छ । गृह मंत्रालयका एक अधिकारीले भने, “चाहे बारुदी सुरुङ्गबाट होस् वा अन्य कुनै हतियारबाट घाइते भएको होस्, सरकारले माओवादी

---

[३०] आतंककारी तथा विद्धवंशकारी (नियन्त्र तथा सजाय ), नेपाल गजेट, अंक ५१, अतिरिक्ताकं नं ४८, भाग २, २०५८, बमको परिभाषा बृदतहरु..... NCBL ले नवेम्वर २००१ देखि जनवरी २००२ सम्ममा ८२ जना व्यक्तिहरुसित अन्तर्वार्ता लिइएको थियो । र NCBL, नेपालमा बारुदी सुरुङ्गको खतरा भाग IV २००१ प्रकाशित (यो पत्र पत्रिकाहको लेख रचना र समाचारहरुको संकलन) Landmines Monoter २००१ पेज ५७४

[३१] NCBL, नेपालमा बारुदी सुरुङ्गको बढ्दो खतरा भाग IV, २००१, (पत्रपत्रिकाहरुको लेख रचना, समाचारहरुको संकलन)

[३२] अन्तर्वार्ता रविराज थापा, शसस्त्र प्रहरी बल, ७ फेव्रअरी २००२

[३३] अन्तर्वार्ता रविराज थापा, शसस्त्र प्रहरी बल, ७ फेव्रअरी २००२

[३४] अन्तर्वार्ता गोपेन्द्र बहादुर पाण्डे, प्रवक्त गृह म्रत्रालय, सिंह दरवार ३० जनवरी २००२

आक्रमणमा परि घाइते हुने सबैलाई उपचार गरिदिएको छ ।"[३५] बारुदी सुरुङ्गबाट घाइते हुनेहरुको उपचारको लागि छुट्टै बजेटको व्यवस्था गरिएको छैन र त्यस्ता घाइतेलाई उपचार गर्ने खर्च माओवादी आक्रमणमा पर्नेहरुका लागि छुट्याइएको बजेटबाट नै व्यहोरिन्छ "बारुदी सुरुङ्ग र IED बाट घाइतेहुनेहरुलाई भेरी अंचल अस्पताल, वीर अस्पताल, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, दिपेन्द्र प्रहरी अस्पताल, वीरेन्द्र प्रहरी अस्पतालले  उपचार गरिरहेका छन् । बारुदी सुरुङ्गबाट घाइते बनेकाहरुलाई फिजियोथेरापि, कृतिम अंगहरु र मनोवैज्ञानिक सहायता उपलब्ध गराउने कुनै कार्यक्रम छैन ।

माओवादी आक्रमणमा परी मृत्यु हुने सुरक्षाकर्मीलाई सरकारले रुपैया ७,५०,०००/- (सात लाख पचास हजार) को आर्थिक सहयोग गर्छ भने सर्वसाधारणको मृत्यु भएमा रुपैया १,५०,०००/- (एक लाख पचास हजार ) को आर्थिक सहयोग प्रदान गर्छ । यदि अस्पतालमा भर्ना गरिएमा सरकारले सम्पूर्ण उपचार खर्च व्यहोरिदिनुका साथै खानाको लागि प्रतिदिन रुपैया ७५/- (पचहत्तर) बराबर भत्ता प्रदान गर्छ ।[३६] तर घाइतेहरुले औषधोपचार र अन्य खर्चको लागि समयमा पैसा नपाएको गुनासो व्यक्त गर्छन् । सरकारले माओवादी आक्रमणमा परी घाइते हुनेहरुलाई उद्दार गर्न हेरिकप्टर प्रयोग गर्दा २०५७ साउन १ गते देखि असार मसान्तसम्म रुपैया ११,७९,९४०/- (एघार लाख उनान्असी हजार नौसय चालिस) र २०५८ साउन १ गते देखि माघ १९ गतेसम्म रुपैया २४,३०,१४९/- (चौबिस लाख तीस हजार एक सय उनान्पचास) खर्च गरिसकेको छ ।[३७]

वीरेन्द्र प्रहरी अस्पतालका मेडिकल डाइरेक्टरको प्रतिवेदन अनुसार माओवादी आक्रमणमा परी घाइते हुनेहरुको उपचारको लागि विगत दुई वर्षमा ९२,३५,४१७/- (बयान्नब्बे लाख पैतीस हजार चार सय सत्र) माग गरकोमा श्री ५ को सरकारले उक्त अवधिमा केवल ३४,००,०००/- (चौतीस लाख) मात्र उपलब्ध गराएको उल्लेख छ । अपुग हुन आउने रकम ५८,३५,४१७/- (अन्ठाउन्न लाख पैतीस हजार चार सय सत्र) ले घाईतेहरुको उपचारमा ठूलो कठिनाई उत्पन्न गऱ्यो । घाइतेहरुको उपचारको लागि आवश्यक पर्ने यन्त्रको मुल्य १७ करोड पर्छ तर श्री ५ को सरकारले जनवरी २००२ सम्म केवल १८ लाख रुपैया उपलब्ध गराएको छ ।[३८]

---

[३५] अन्तर्वार्ता गोपेन्द्र बहादुर पाण्डे, प्रवक्त गृह म्रत्रालय, सिंह दरवार ३० जनवरी २००२

[३६] पत्रकार संम्मेलन देवेन्द्र राज कँडेल, राज्य मन्त्री, गृह मन्त्रालय ९ फेव्रअरी २००२

[३७] पत्रकार संम्मेलन देवेन्द्र राज कँडेल, राज्य मन्त्री, गृह मन्त्रालय ९ फेव्रअरी २००२

[३८] बक्तव्य डा. काशी राम कुँवर, मेडिकल डाइरेक्तर वीरेन्द्र प्रहरी अस्पताल, २२ जनवरी २००२

| बारुदी सुरुङ्ग बाट पिडिट बनेकाहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कूल पिडित | | कूल बाचेकाहरु | | कूल मर्नेहरु | |
| | | संख्या | % | संख्या | % | संख्या | % |
| **जनसाधारण** | | ७१ | १६.७५ | ४० | ५६.३४ | ३१ | ४३.६६ |
| | बालबालिका | ३३ | ४६.४८ | २२ | ६६.६७ | ११ | ३३.३३ |
| | महिला | १९ | २६.७६ | ९ | ४७.३७ | १० | ५२.६३ |
| | अन्या | १९ | २६.७६ | ९ | ४७.३७ | १० | ५२.६३ |
| **प्रहरी** | | २८४ | ६६.९८ | १३६ | ४७.८९ | १४८ | ५२.११ |
| **माओवादी** | | २१ | ४.९५ | ० | ०.०० | २१ | १००.०० |
| **आर्मी** | | ४८ | ११.३२ | ३४ | ७०.८३ | १४ | २९.१७ |
| जम्मा संख्या | | ४२४ | | २१० | | २१४ | |

**बारुदी सुरुङ्ग र त्यसबाट शिकार हुनेहरु बारे निम्न जानकारीहरु दिइ सहयोग गर्नु हुन हार्दिक अनुरोध गर्दछु ।**

| अर्न्तवार्ता दिनेको नाम :<br>मिति : | ठेगाना :<br>कार्यालय / पद : |
|---|---|

| अर्न्तवार्ता लिइएको स्थान : | | | | अर्न्तवार्ता लिइएको व्यक्ति : | | | |
|---|---|---|---|---|---|---|---|
| गाउँ / शहर कार्यकर्ता | ☐ | प्रहरी कार्यालय | ☐ | घाइते | ☐ | राजनीतिक | ☐ |
| अस्पताल कार्यकर्ता | ☐ | आर्मी क्याम्प | ☐ | घाइतेको परिवार | ☐ | सामाजिक | ☐ |
| सरकारी कार्यालय | ☐ | व्यक्तिगत घरहरु | ☐ | सरकारी निकाय | ☐ | शिक्षक / कर्मचारी | ☐ |
| स्कूल वा कलेज | ☐ | अन्य ________ | | सेना | ☐ | अन्य ________ | |
| | | | | प्रहरी | ☐ | | |

*बारुदी सुरुङ्ग (Landmines) को समस्या बारे ।*

(क) तपाईहरुको गाउँमा, इलाका वा जिल्लामा Landmines बिस्फोटन भएको सुन्नु भएको वा देख्नु भएको छ ? छ भने कहाँ कहां ?

१) जिल्ला .............................. गाउँ / नगर ................................. वडा ..................................

२) जिल्ला .............................. गाउँ / नगर ................................. वडा .................................

३) जिल्ला .............................. गाउँ / नगर ................................. वडा ..................................

४) जिल्ला .............................. गाउँ / नगर ................................. वडा .................................

(ख) त्यस बिस्फोटनबाट गाउँमा के के नोक्सान भएको छ ?

मानिस ☐ संख्या .............................. ☐ स्तु (पशु) संख्या .........................................

अन्य ..........................................................................................................................

*(नोट : घाइते वा मर्नेहरुको विवरण हरेक व्यक्तिको छुट्टा छुट्टै रुपमा पेज २ मा भर्नु होला ।)*

(ग) तपाईले देख्नु भएको Landmines हरुको नामहरु के के हुन् ?

१) २) ३) ४)

(घ) हाल प्रयोग भइरहेका Landmines का श्रोत के हुन् ? ती घरेलु हुन् या वाहिरवाट आयात गरिएका हुन् ?

(ङ) घरेलु करिब .................. प्रतिशत छ भने बाहीर बाट आयात गरिएका करीब .................. प्रतिशत छन ।

(च) यदि ती Landmines हरु वाहिरवाट आयात गरिएका हुन् भने कुन कुन मुलुकवाट आयात गरिएको हुन् ?

१) २) ३) ४)

(छ) यदि ती Landmines हरु घरेलु रुपमै निर्माण गरिएका हुन् भने त्यसमा प्रयोग हुने रसायनहरु कहाँ कहाँ वाट प्राप्त हुन्छन् ?
१) २) ३) ४)

(ज) जिल्लाको कुन कुन भागमा बारुदी सुरुङ्ग हरु राखिएको छ ?
१) २) ३) ४)

(झ) जिल्लाको कुन कुन ठाउंमा कति मात्रामा वा संख्यामा बारुदी सुरुङ्ग रहेको जस्तो लाग्छ ?
ठाउँ ..................... संख्या ........... ठाउँ ..................... संख्या........... ठाउँ ..................... संख्या...........

(ञ) एउटा बारुदी सुरुङ्ग उत्पादन गर्न वा किन्न सरदर कति जति खर्च लाग्दछ ?
....................................................

(ट) अन्य किसिमले घाइते वा मर्नेहरु को, को छन् र कसरी ? यसमा नअटेमा अर्को छुटै पानामा लेख्नु होस् ।
..................................................................................................................................
..................................................................................................................................
............

(ठ) घाइते वा मर्नेहरुको फोटो, अन्तर्वाता, टेप रिर्कड, स्लाईड जस्ता चिन्हहरु उपलव्ध भएमा कृपया उपलव्ध गराउनु होस् ।

(ड) अन्य थप जानकारी प्राप्त भएमा कृपया उल्ले गर्नु होस् ।
..................................................................................................................................
..................................................................................................................................
..................................................................................................................................
..................

*घाइते वा मर्नेहरुको स्थिति बारे :-*

तपाईको यस जिल्लामा Landmines वाट घाइते हुने मरेको मानिसहरुको थप विवरण उल्लेख गर्नु होस् ।
*(कृपया एउटा फारममा एक जना व्यक्तिको मात्रै विवरण भर्नु होला ।)*

मेर्न ☐ घाइते हुने ☐

घाइते वा मरेका व्यक्तिको नाम :- ........................................................................................................

ठेगाना :- जिल्ला ............................. गाउँ / नगर ............................... वडा ...........................................

वर्ष :- .................... लिंग :- ☐ ☐ पुरुष पेशा :- ...............................................................

घटना घटेको ठाउँको नाम :- जिल्ला ............................. गाउँ / नगर .......................... वडा .........................

घटना घटेको मिति कुन थियो ? २० । । ।

➢ घाइतेको प्रकार:

| अपांग औला | पाखुरा | नाडी | हत्केला | औला | घुंडामाथि | घुडामूनी | पाइतालामा | खुट्टाको |
|---|---|---|---|---|---|---|---|---|
| दायाँ | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ |
| बायाँ | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ |

**घाउहरु** अनुहार ☐ तिघ्रा ☐ कम्मरमाथि ☐ खुट्टा ☐ कम्मर मुनी ☐ शरिरका विभिन्न भागमा ☐

**पोलेको** अनुहार ☐ तिघ्रा ☐ कम्मरमाथि ☐ खुट्टा ☐ कम्मर मुनी ☐ शरिरका विभिन्न भागमा ☐

**अन्धा** एउटा आँखा ☐ दुइटै आँखा ☐

**बहिरो** थोरै सुनिने ☐ पटक्कै नसुन्ने ☐

**पक्षघात** अनुहार ☐ तिघ्रा ☐ शरिरको माथी भाग ☐ शरिरको तल्लो भाग ☐ सबै शरिर ☐

➢ घाइते हुँदा उनीहरु के गरिरहेका थिए ?

खेतमा काम गरिरहेका ☐ बाटामा हिडिरहेका ☐ सैनिक कार्वाही ☐

बन जान लागिरहेका ☐ खेलिरहेका ☐ विस्फोटक चलाई रहेका ☐

अन्य ________________

➢कहाँ घाइते भए ? घरमा ☐ वनमा ☐ पहाडमा ☐ बाटोमा ☐ खेतमा ☐ अफिस क्याम्पसहरुमा ☐

➢ घटना घटेको ठाउँ सदरमुकाम र अस्पताल भन्दा कति टाढा छन् ? हिडेर ☐ गाडीमा ☐ प्लेनमा ☐

कोश ........................ घण्टा .............................

➢ के घाइतेहरुले उपचार पाए ? ...........................................................................

➢ उपचार पाएको भए कहांबाट पाए ?

जन साधारणबाट ☐ स्थानीय प्रशासनबाट ☐ मन्त्रालयबाट ☐ प्रहरीबाट ☐ सेनाबाट ☐

अन्य ............................................

➢ उपचार कहां कहां भए ?

.....................................................................................................................

➢ घाइते व्यक्तिले घटना घटेको कति घण्टा पछि उपचार पाए ? .......................................................................

➢ एउटा घाइतेलाई उपचार गर्दा करीव कति खर्च लाग्दछ ? ............................................................................

➢ अन्य गाई वस्तुहरु पनि घाइते भएका थिए ? थिए भने के के ? कति ?

मरेका ........................................ संख्या ............... घाइते ........................................ संख्या ..........

अन्य

........................................................................................................................................

➢ बारुदी सुरुङ्गको स्थितिको अध्ययन सम्बन्धमा तपाईको सुझाव र अन्य केही प्रतिकृया भएमा कृपया यहाँ उल्लेख गर्नु होला ?

.....................................................................................................................................................

.....................................................................................................................................................

# बायन लायण्ड माइन्स क्याम्पेन नेपालका अभियानहरू

## आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८

परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "हातहतियार" भन्नाले राइफल, बन्दूक, तोप, पिस्तोल, रिभल्भर, मेशीनगन, रकेट, रकेट लञ्चर वा त्यस्तै अन्य कुनै प्रकारका साधन वा यन्त्र वा भाला, चक्कु, खुकुरी वा धार भएको वा नभएको शरीरलाई क्षति पुऱ्याउने अन्य जोखिमी हतियार सम्झनु पर्छ ।

(ख) "खरखजाना" भन्नाले धुमिका संकेत (फग सिग्नल), फ्यूज, बारुद, केप, गोला, छर्रा, पड्काउने वस्तु (डिनोनेटर) कार्तुश र त्यस्तै किसिमको अन्य खरखजाना सम्झनु पर्छ ।

(ग) "बम" भन्नाले कुनै पनि प्रकारको पदार्थ वा साधनद्वारा निर्मित आफै वा अन्य कुनै साधनद्वारा विष्फोट हुने गरी बनाइको सैनिक वा गैरसैनिक प्रयोगमा आउने ग्रिनेड वा ल्याण्डमाइन्स वा अन्य कुनै प्रकारको विष्फोटक पदार्थयुक्त अस्त्र वा विष्फोटन हुने वा गराउने जुनसुकै प्रकारको पदार्थ सम्झनु पर्छ ।

(घ) "बिष्फोटक पदार्थ" भन्नाले पड्की क्षति पुऱ्याउने टी.एन.टी. एमाटोल, बारोटोल, पेन्टोलाइट, आर.डी.एक्स., टोरपेकस, प्लाष्टिक एक्स्प्लोसिभ, डाइनामाईट, बारुद, नाइट्रो ग्लिसिरिन, जेलेग्नाईट, स्टेमाईट, सेल्साईट, गनकटन, ब्लाष्टिङ्ग पाउडर, पारो (मर्करी) वा अरु धातुको फुल्यूनेट र सोही सरह भए वा नभए तापनि विष्फोटनद्वारा असर गर्ने उद्देश्यले उत्पादन वा प्रयोग भएको अरु जुनसुकै पदार्थ सम्झनु पर्छ ।

३. आतङ्ककारी तथा विध्वंसात्मक अपराध : (१) कसैले देहायको कुनै कार्य गरेमा आतङ्ककारी तथा विध्वंसात्मक अपराध गरेको मानिनेछ :-

(क) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा नेपाल अधिराज्य वा यसको कुनै भागको सुरक्षा वा शान्ति र व्यवस्था वा विदेशस्थित नेपाली कुटनीतिक नियोग वा सम्पत्तिको सुरक्षामा खलल वा अघात पार्ने उद्देश्यले कुनै प्रकारको हातहतियार, बम, विष्फोटक पदार्थ वा अन्य कुनै उपकरण वा वस्तु प्रयोग गरी कुनै स्थानको सम्पत्तिमा क्षति पुऱ्याउने वा तोडफोड गर्ने वा त्यस्तो योजना बनाउने वा त्यस्तो स्थानमा मानिसको जिउज्यान जाने, अङ्गभङ्ग हुने वा चोटपटक पुऱ्याई घाइते तुल्याउने कार्य वा आगो लगाउने वा दैनिक उपभोग्य वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानिसको जिउज्यान जाने वा अङ्गभङ्ग हुने वा अन्य क्षति पुऱ्याउने वा माथि उल्लिखित कुनै कार्य गरी सर्वसाधारण जनता वा आवत जावत गर्ने वा भेला हुने व्यक्तिलाई आतङ्कित तुल्याउने कुनै कार्य, वा

(ख) खण्ड (क) बमोजिमको उद्देश्यको निमित्त सो खण्डमा उल्लिखित पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई वा त्यस्तो पदार्थ प्रयोग नगरी अन्य कुनै पदार्थ वा साधन प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई कसैको जीउ ज्यान लिने अङ्गभङ्ग गर्ने, घाइते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारी साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतङ्कित गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्वारा यात्रा गरिरहेका कसैलाई त्यस्तो साधन सहित वा साधन रहित अपहरण गर्ने वा त्यस्तो कार्यद्वारा आतङ्कित तुल्याउने कार्य, वा

(ग) खण्ड (क) वा (ख) बमोजिमको उद्देश्यले कुनै प्रकारको हातहतियार वा बम वा विष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन गर्ने, वितरण गर्ने, संचय गर्ने, ओसार पसार वा निकासी पैठारी गर्ने, बिक्री गर्ने, लिएर हिड्ने वा जडान गर्ने वा जानी जानी त्यस्तो कार्यमा सघाउ पुऱ्याउने कार्य

दण्ड सजाय : (१) यस ऐन बमोजिम अपराध मानिने कुनै आतङ्ककारी तथा बिध्वंसात्मक कार्य गरी कसैको जीउ ज्यान गएको रहेछ भने त्यस्तो अपराध गर्ने गराउने वा षडयन्त्र गर्ने मुख्य व्यक्ति र यस्तो अपराध गर्न अह्राउने व्यक्तिलाई सर्वस्व सहित जन्मकैद हुनेछ ।

(२) यस ऐन बमोजिमको अपराध भैसकेको तर कसैको जीउ ज्यान गएको रहेनछ भने त्यस्तो अपराध गर्ने गराउने वा षडयन्त्र गर्ने मुख्य व्यक्ति र त्यस्तो अपराध गर्न अह्राउने व्यक्तिलाई जन्मकैद हुनेछ ।

(३) यस ऐन बमोजिमको अपराध गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा वा विवश गराएमा वा सो गर्न गराउनको लागि एकभन्दा बढी व्यक्ति जम्मा गरेमा वा समूह खडा गरेमा वा त्यस्तो कार्य गर्न गराउन खटन पटन गरेमा वा त्यस्तो काममा पारिश्रमिक लिई वा नलिई

भाग लिएमा वा त्यस्तो कार्य गर्ने उद्देश्यले हातहतियार, बम, विष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन वा वितरण गरेमा वा राखेमा वा ओसार पसार वा आयात निर्यात गरेमा वा कुनै प्रकारले लिनु दिनु गरेमा वा प्रचार प्रसार गरे गराएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार पाँच वर्षदेखि दस वर्षसम्म कैद हुनेछ।

(४) आतङ्ककारी वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिबाट सम्पतिको क्षति भएको रहेछ भने सो क्षति निजको आफनो अंशभाग बमोजिम हुने सम्पति जफत गरी त्यसबाट दिलाई भराई दिइनेछ। त्यसरी भराईदिंदा क्षतिपूर्ति दिनु पर्ने रकम निजको सम्पत्तिबाट उपर हुन नसकेमा बाँकी रकम वापत प्रचलित कानून बमोजिम जरिबाना नतिरे सरह गरी हुन आउने अवधिसम्म कैद हुनेछ।

## एशिया र प्यासिफिक क्षेत्र

## बारुदी सुरुङ्ग प्रतिबन्ध नीति

एशिया प्यासिफिक क्षेत्रका ४० राष्ट्रहरु मध्य १५ वटा राष्ट्रहरु बारुदी सुरुङ्ग प्रतिबन्ध सन्धिका राज्य पक्षहरु हुन् । ती राज्यहरुमा अष्ट्रेलिया, बंगलादेश, क्याम्बोडिया, फिजी, जापान, किरीबारी, मलेशिया, मालदिभ्स, नाउरु, न्यूजिल्याण्ड, निउ, फिलिपिन्स, समोआ, सोलोमेन, आइल्याण्ड र थाइल्याण्ड पर्दछन । यो प्रतिबेदन तयार पारिन्जेलसम्म कुनै पनि राज्य पक्षले बारुदी सुरुङ्ग प्रतिवन्ध गर्ने सन्धी लागु गर्न कुनै नियम कानूनहरु बनाएका छैनन् । तर फिलिपिन्सको विधान भने त्यसै अल्भि्ङ रहेको छ । वंगलादेश, माल्दिभ्स, नाउरु र सोलोमेन आइल्याण्ड बाहेक अन्य राज्य पक्षले धारा ७ संग सम्बन्धीत आ-आफ्ना पारदर्शी पेश गरीसकेका छन् र त्यसै गरी फिजी वाहेक अन्य सबै राज्य पक्षले आवश्यक वार्षिक अद्यावधिक विवरण पेश गरिसकेका छन् ।

बारुदी सुरुङ्ग प्रतिवन्ध गर्ने सन्धीमा हस्ताक्षर गरेका तर अनुमोदन नगरेका राष्ट्रहरुमा ब्रुनाइ, कुकआइल्याण्ड, इण्डोनेशिया, मार्शल आईल्याण्ड र भानुआडु पर्दछन् । जनवरी २००२ मा कुक आइल्याण्डका एक अधिकारीले उक्त देशले अनुमोदन गर्ने विधानको मस्यौदा तयार पारेको बताएका छन् । त्यसैगरी अनुमोदनको प्रक्रियामा इण्डोनेशियाले पनि केही प्रगति गरेको छ ।

२० वटा राज्यहरु बारुदी सुरुङ्ग प्रतिवन्ध सन्धीमा समाविष्ट छैनन् भने यो प्रतिवेदन तयार पारिन्जेलसम्म यस क्षेत्रका कुनै पनि राष्ट्र सन्धिमा सम्मेलन भएका छैनन् र कुनै पनि मुलुकले सन्धीमा हस्ताक्षर पनि गरेका छैनन् । एन्टिपर्सनल माइन्सको प्रयोग, उत्पादन, र भण्डारण गर्ने प्रमुख देशहरुमध्ये वर्मा, म्यानमार, चीन, भारत, पाकिस्तान र अन्य बारुदी सुरुङ्गबाट बढी प्रभावित मुलुकहरु जस्तै आफगानिस्तान, वर्मा, लाओस, श्रीलंका र भियतनाम छन् र तिनीहरु कुनैले पनि सन्धीमा हस्ताक्षर गरेका छैनन् ।

यद्यपि केही विकासक्रम भने उत्साहजनक छन् । अफ्गानिस्तानको संक्रमणकालिन सरकारले जुलाइ २९, २००२ मा सन्धीको सम्मेलनको लागि स्वीकृति प्रदान गरेको छ भने भर्खरै मात्र स्थापना भएको पूर्वी टिमोरको सरकारले प्राथमिकतापूर्वक उक्त सन्धीको सम्मिलनको लागि इच्छा व्यक्त गरेको छ । बारुदी सुरुङ्ग प्रतिवन्ध गर्ने सन्धीको विश्वव्यापीकरण गर्ने र लागु गर्न माग गर्दै यस क्षेत्रका २३ वटा राष्ट्रहरुले संयुक्त राष्ट्र संघको महासभाको प्रस्ताव नं. ६५/२४ एमको पक्षमा नेभेम्बर २००१ मा मतदान गरेका थिए । यो समूहमा पर्ने सन्धीमा हस्ताक्षर नगर्ने ८ वटा मुलुकहरुमा अफगानिस्तान, भुटान, मंगोलिया, नेपाल, पपुआन्यूगिनि, सिंगापुर, श्रीलंका र टोङ्गा पर्दछन् । मतदानमा भाग नलिने १९ देशहरुमध्ये यस क्षेत्रमा वर्मा, चीन, भारत, एफएस माइक्रोनेशिया, पाकिस्तान, दक्षिण कोरिया र भियतनाम पर्दछन् । यस क्षेत्रका अन्य मुलुकहरु या त अनुपस्थित रहे यात मतदान गर्न सकेनन् ।

सन्धीमा हस्ताक्षर नगरेको लाओस लगायत यस क्षेत्रका ९ वटा देशले सेप्टेम्बर २००१ मा निकारागुवाको मनागुवा भएको राज्य पक्षको तेश्रो बैठकमा सहभागी भएका थिए । उक्त बैठकले थाइल्याण्डलाई सम्मेलनको संचालन र सामान्य स्थिति संवन्धी स्थायी समितिको सह अध्यक्षमा मनोनयन गरेको थियो । थाइल्याण्डले सन् २००३ मा राज्य पक्षको पाँचौ बैठक आयोजना गर्ने मनशाय व्यक्त गरेको छ । र दक्षिण पूर्वी एशियाली राष्ट्र (याशियान) लाई बारुदी सुरुङ्ग संवन्धी विषयमा सहभागी गराउने उद्देश्यले १३–१५ मे २००२ मा "दक्षिणपुर्वी एशियामा बारुदी सुरुङ्ग" विषयक बैठक आयोजना गरेको थियो ।

**प्रयोग**

भारत र पाकिस्तानले आफ्ना १८००० माइल लामो साझा सीमामा डिसेम्वर २००१ देखि प्रचुर मात्रामा एन्टि पर्सनेल माइन्स (व्यक्ति लक्षित बारुदी सुरुङ्ग) हरु विछ्याएका छन् यो कार्य हालका वर्षहरुमा संसार भरिकै सबैभन्दा ठूलो बारुदी सुरुङ्ग प्रयोग मध्ये पर्दछ । यसको अतिरिक्त यो प्रतिवेदन तयार पारिन्जेलसम्म भारतको जम्मु र कश्मिर प्रान्तमा ५ सशस्त्र गैर सरकारी समूहले बारुदी सुरुङ्ग

प्रयोग गर्दै आईरहेका देखिएको छ । भारतकै अन्य प्रान्तमा कम्तिमा अन्य ६ सशस्त्र गैर सरकारी समूहले बारुदी सुरुङ्ग र IED प्रयोग गर्दै आएका छन् ।
सरकारहरु र विद्रोही समूहहरुले अन्य ५ द्वन्दहरुमा अविच्छिन्न रुपमा AP Mines प्रयोग गर्दै आइरहेका छन् ।
"देशलाई बार्ने" नयाँ योजना अनुरुप वर्माको सरकारी शक्तिले यसको थाइल्याण्डसंगको सीमामा अनवरत रुपमा माइन्स विछ्याउने कार्य गरिरह्यो । पहिले माइन प्रयोग गर्नेको रुपमा नचिनिएका बर्माका ३ विद्रोही समूहहरुले पनि सन् २००२ माइन प्रयोग गरेको पत्ता लागेको छ । यी ५ समूह सहित अब बर्मामा माइन प्रयोग गर्ने विद्रोही समूहहरुको संख्या १३ पुगेको छ । नेपालमा पनि ल्याण्डमाइन्स मोनिटरले माओवादीद्धारा बद्दो मात्रामा घरेलु बारुदी सुरुङ्गको प्रयोग गरिएको जनाइएको छ र त्यहाँ सरकारी शक्तिहरु नेपाल प्रहरी र शाही नेपाली सेनाले पनि एन्टी पर्सनल माइन्स प्रयोग गरेको गम्भीर सुचकहरु फेला परेको छ । फिलिपिन्समा पनि न्यू–पिपल्स आर्मी र अबु सैयाफ नामक दुई विद्रोही समुहले एन्टी पर्सनेल माइन प्रयोग गर्दै आएको पाइएको छ ।
डिसेम्बर २००१ मा भएको युद्ध विरामको घोषणा पश्चात श्रीलंकामा भने न विद्रोही समूह न सरकारी पक्षले एन्टी पर्सनल माइन विछ्याएका छन् । सेप्टेम्बर ११, २००१ पछिका युद्धहरुमा Northen Alliance, तालिवान र अलकायदा लडाकुहरुले अफ्गानिस्तानमा सीमित मात्रामा बारुदी सुरुङ्ग र विद्युतीय धराप (ट्र्याप्स) प्रयोग गरेको विवरण प्राप्त भए तापनि अमेरिका लगायतका संयुक्त शक्तिहरुले भने एन्टी पर्सनेल माइन प्रयोग गरेनन् ।

## उत्पादन र ओसार पसार

विश्व भरिका १४ वर्तमान उत्पादकहरु मध्ये एशिया प्यासिफिक क्षेत्रमा ८ वटा पर्दछन् जसमा वर्मा, चीन, भारत, उत्तर कोरिया, पाकिस्तान, सिंगापुर र भियतनाम छन् । पाकिस्तानले पत्ता लगाउन सकिने हातले विछ्याउने एन्टी पर्सनेल माइन र आफै नष्ट हुने र आफै निष्क्रिय हुने रिमोटको सहायताले राख्न सकिने माइन बनाउन शुरु गरेको कुरा स्वीकारेको छ । भारतले पनि यस्तै कार्य गरेको संकेत गरेको छ । स्वयं नष्ट हुने क्षमता विनाका एन्टी पर्सनल माइन उत्पादन गर्न छोडेको कुरा चीनले जानएको छ । दक्षिण कोरियाले सन् २००० पछि क्लेमोर माइन लगायतका बारुदी सुरुङ्गहरु निर्माण गर्न छोडेको कुरा बताएको छ । सिंगापुरले एन्टी पर्सनल माइन बनाउने काम जारी राखेको जनाएको छ । वर्मा, भारत, नेपाल, फिलिपिन्स, र श्रीलंकामा भने विद्रोही समूहहरु र गैर राज्य शक्ति (नन स्टेट एक्टर) ले घरेलु AP Mine बनाएको बिश्वास गरीएको छ । बर्मा र उत्तर कोरिया बाहेक अन्य सबै उत्पादकहरुले निर्यात स्थगत गरेका छन् यात उनीहरुले अब कुनै AP Mine निर्यात नगरेको जनाएका छन् । तर एप्रिल २००२ मा पाकिस्तानको सरकारी स्वामित्वको पाकिस्तान अर्डनान्स फ्याक्ट्रीले विभिन्न प्रकारका AP Mines कथितरुपमा एक चीनी पत्रकार मार्फत बेलायतलाई बेच्न चाहेको थाहा भएको छ । उक्त पत्रकारले आफू एक नीजि कम्पनीको प्रतिनिधि भएको र विभिन्न प्रकारको हातहतियार किन्न चाहेको बताएका थिए । थाइल्याण्डमा AP Mines सहित अन्य हातहतियार अवैध रुपमा निर्यात गर्न लागेको अभियोगमा दुई सैनिक अधिकृतहरुलाई पक्राउ गरिएको थियो ।

## भण्डारण र विनास

विश्व भरिकै ठूला भण्डारण मध्ये केही प्रशान्त (एशिया प्यासिफिक) क्षेत्रमा पर्दछन् । चीनमा ११ करोड, पाकिस्तानमा ६० लाख, भारतमा ४०–५० लाख र उत्तर कोरीयामा २० लाख छन् । भण्डारण गर्ने अन्य देशहरुमा अफ्गानिस्तान, बर्मा, उत्तर कोरिया, लाओस, मंगोलिया, सिंगापुर, श्रीलंका र भियतनाम छन् र हस्ताक्षर गर्ने राष्ट्रहरुमा इण्डोनेशिया र ब्रुनाई पर्दछन् भने राज्यपक्षमा बंगलादेश, जापान र थाइल्याण्ड छन् । इण्डोनेशियाले जनाए अनुसार यसले १६००० AP Mine भण्डारण गरेको छ । गैरसरकारी सशस्त्र विद्रोहहरुले अफ्गानिस्तान, बर्मा, भारत, नेपाल, फिलिपिन्स र श्रीलंकामा AP Mine भण्डारण गरेको विश्वास गरिन्छ ।

जापानले फेब्रुअरी २००२ सम्ममा ६०५,०४० AP Mine नष्ट गरिसकेको छ । थाइल्याण्डमा जुलाई २००२ सम्ममा नष्ट गरिएको AP Mine को संख्या २६६,२५४ रहेको छ । कम्बोडियाले भण्डारण गरेका सम्पूर्ण बारुदी सुरुङ्गहरु नष्ट गरिसकेको घोषणा गरेको भएतापनि विभिन्न क्षेत्रमा बारुदी सुरुङ्ग फेला पारेको, संकलन गरेको र नष्ट गरेको पाइएको छ । क्याम्बोडियाले १४ जनवरी २००२ मा ३,४०५ बए :ष्लभक नष्ट गरेको थियो ।

मलेशियाले अगष्ट ८–९ २००१ मा 'AP Mine र अन्य हतियारको भण्डारणको नष्ट' विषयक क्षेत्रीय गोष्ठीको आयोजना गऱ्यो जसमा ८ गैर राज्य पक्ष लगायतका २१ देशहरु सहभागी थिए । सेप्टेम्बर २००१ देखि अष्ट्रिया भण्डारण विनास स्थायी समितिको सह अध्यक्ष रहँदै आएको छ ।

**बारुदी सुरुङ्गको समस्या**

ताईवान लगायत यस क्षेत्रका १६ देशहरु बारुदी सुरुङ्ग र अत्याधिक विस्फोटक पदार्थ (यूएक्सओ) बाट प्रभावित छन् । अफगानिस्तान संसार भरीकै सबै भन्दा बढी बारुदी सुरुङ्ग र अत्याधिक विस्फोटक पदार्थबाट प्रभावित राष्ट्र हो जसको अन्दाजी ७३७ वर्ग मिटर भूमि बारुदी सुरुङ्गबाट प्रभावित छ । सेप्टेम्बर ११, २००१ पछिको सैनिक संचालनले त्यहाँका जनतालाई अझ बढी त्रास पैदा गरेको छ किनकि अमेरिकाले छरेको विस्फोटन नभएका कल्स्टर बम (Cluster Boms - बमका साना झुप्पा) र अन्य हतियारहरु जुन हवाइ आक्रमणमा भण्डारण गरेका स्थानबाट यत्रतत्र छरिएका थिए । त्यस्तै भर्खरै मात्र विछ्याइएका बारुदी सुरुङ्ग र विद्युतीय धरापहरु पनि थप त्रास बनेका छन् ।

युद्ध विराम पछि घर फर्केका हजारौं विस्थापित जनताहरुलाई नपन्छाइएको बारुदी सुरुङ्गले सुरक्षामा धावा बोलिरहेका छन् । श्रीलंकाली रक्षा सचिवका अनुसार त्यहाँ करीब ७ लाख बारुदी सुरुङ्ग जमिनमुनि विछ्याइएका छन् ।

सन् २००१ र २००२ को पहिलो ६ महिनामा बढेको आन्तरिक द्वन्दले नेपालमा बारुदी सुरुङ्ग र अत्याधिक विस्फोटक पदार्थको समस्यालाई अझ बढि चर्काएको छ । गत वर्ष केबल ३७ जिल्लामात्र बारुदी सुरुङ्ग र अत्याधिक विस्फोटक पदार्थबाट प्रभावित थिए भने त्यो संख्या अहिले ह्वातै बढेर ७५ मध्ये ७१ जिल्लामा पुगेको छ ।

भारतमा डिसेम्बर २००१ मा विछ्याउन शुरु गरेको बारुदी सुरुङ्गले त्यहाँका गाँउलेहरुलाई आफ्ना खेतिपाति तथा वस्तुभाउको हेरविचार गर्नबाट रोकेको छ । त्यसैगरी पाकिस्तानसंग सिमा जोडिएका गाँउमा पनि यो समस्या छ । पाकिस्तान शासित जातीय क्षेत्रमा पनि तत्कालिन शोभियत संधले अफ्गानिस्तान माथि आधिपत्य जमाउँदा विछ्याएको बारुदी सुरुङ्ग अझै सक्रिय छ ।

कम्बोडिया विश्वकै सबैभन्दा बढी बारुदी सुरुङ्ग प्रभावित राष्ट्रहरु मध्येको एक हो । एप्रिल २००२ मा गरिएको 'बारुदी सुरुङ्ग प्रभाव सर्भेक्षण' का अनुसार सन् १९९० को दशकमा अनुमान गरिएको भन्दा ३०% बढी भूमी बारुदी सूरुङ्ग र अत्याधिक विस्फोटक पदार्थबाट प्रभावित भएको पाइएको छ । कम्बोडियाको करिब ४६% गाँउ बारुदी सुरुङ्ग र अत्यधिक विस्फोटक पदार्थबाट प्रभावित छ । यसरी प्रभावित भएको आशंका गरिएको सम्पूर्ण भू-भाग ४,४६६ वर्ग मिटर छ ।

लाओसका २५ प्रतिशत भन्दा बढी गाँउहरु नपन्छाएको अत्याधिक विस्फोटक पदार्थबाट प्रभावित छन् । मे २००१ मा सम्पन्न बारुदी सूरुङ्ग (Landmines) प्रभाव सर्भेक्षणले थाइल्याण्डका २७ प्रान्तहरुमा ९३४ क्षेत्रहरु बारुदी सुरुङ्गबाट प्रभावित भएको देखाएको छ । युद्धको अन्त्य भएको करिब ३० वर्ष पछिसम्म पनि भियतनामको सरकारले त्यहाँको करीब १६,४७८ वर्ग मिटर क्षेत्रफल बारुदी सुरुङ्ग र अत्याधिक विफोटक पदार्थबाट प्रभावित भएको जनाएको छ । वर्माका १४ प्रान्तहरमध्ये ९ वटा बारुदी सुरुङ्गबाट प्रभावित छन् र यसको पूर्वी भागमा बारुदी सुरुङ्ग केन्द्रित छन् र वर्मामा वैज्ञानिक ढंगले बारुदी सुरुङ्ग प्रभावित बारे पहिचान पनि गरिएको छैन ।

### बारुदी सुरुङ्ग कारवाही कोष (सहायता)

यस क्षेत्रमा बारुदी सुरुङ्ग विरुद्ध सहायता उपलब्ध गराउने मुख्य देशहरुमा अष्ट्रेलिया र जापान पर्दछन् । अष्ट्रेलियाले बारुदी सुरुङ्ग विरुद्धको कारवाहीको लागि यसको आर्थिक वर्ष २००१–२००२ मा ६४ लाख अमेरिकी डलर उपलब्ध गराइको थियो, जुन गत वर्षको तुलनामा उस्तै उस्तै छ । जापानको वारुदी सुरुङ्ग विरुद्धको सहायता भने सन् २००१ मा ४०% ले घटी अमेरिकी डलर ६९.८ लाखमा सीमित रह्यो । सन् २००१ मा न्यूजिल्याण्डले अमेरिकी डलर ९ करोड ५० लाख बारुदी सुरुङ्ग विरुद्धको कारवाहीको लागि प्रदान गऱ्यो जुन अधिल्लो वर्ष केवल अमेरिकी डलर १८ लाख मात्र थियो । दक्षिण कोरियाले सन् २००१ मा अमेरिकी डलर १५ लाख अनुदान गऱ्यो ।

सन् २००० मा जस्तै अफ्गानिस्तानमा सेप्टेम्बर ११,२००१ भन्दा अगाडिको बारुदी सुरुङ्ग विरुद्धको कारबाहीको लागि कोष नपुग भएकोले यसले बारुदी सुरुङ्ग विरुद्धको कारवाहीलाई नै कम गर्ने त्रास पैदा गरेको थियो । सेप्टेम्वर ११, २००१ पछि बारुदी सुरुङ्ग विरुद्धको कारवाही निलम्वन गरिएको थियो । सन् २००१ मा भएको जम्मा अमेरिकी डलर १ करोड ४१ लाखको सहयोग सन् १९९२ देखिको सबैभन्दा सानो रकम थियो । तर अक्टुवर २००१ देखि यता अफ्गानिस्तानको बारुदी सुरुङ्ग बिरुद्धको कारबाहीको लागि अमेरिकी डलर ६ करोड ४० लाखको प्रतिवद्धता जाहेर भैसकेको छ ।

सन् २००१ मा क्याम्बोडीयामा बारुदी सुरुङ्ग विरुद्धको कारबाहीका लागि १७ दातृराष्ट्रहरुले कूल अमेरीकी डलर २ करोड १० लाख भन्दा बढी सहयोग गरे । विगतका संकटबाट पुन विश्वास प्राप्त गरी ठूलो संख्यामा दातृराष्ट्रहरुले सन् २००१ र २००२ मा क्याम्बोडियन माइन एक्सन सेन्टरलाई सहयोग उपलब्ध गराउन थालेका छन् । युएक्सओ लाओ (UXO LAO) का अनुसार लाओसमा बारुदी सुरुङ्ग विरुद्धको कारबाहीका लागि सन २००१ मा करिब अमेरिकी डलर ७५ लाख सहयोग प्राप्त भएको थियो ।

दातृ राष्ट्रहरुका अनुसार भियतनाममा बारुदी सुरुङ्ग बिरुद्धको कारवाहीको लागि हालैका वर्षहरुमा करिब अमेरिकी डलर २ करोड ५० लाख प्रदान गरिसकिएको वा प्रतिवद्धता जाहेर गरिएको छ । यसमा जापान सरकारले मार्च २००२ मा भियतनाको रक्षा मंत्रालयलाई हो चि मिन्ह राजमार्ग जस्ता विकासका पूर्वाधारहरुबाट बारुदी सुरुङ्ग पन्छाउनको लागि प्रदान गरेको अमेरिकी डलर १ करोड १२ लाख पनि समाविष्ट छ । संयुक्त राज्य अमेरिकाद्धारा प्रदान गरिएको अमेरिकी डलर ३५ लाख सहित सन् २००१ मा करिब अमेरिकी डलर ५७ लाख उपलब्ध गराइएको थियो ।

बारुदी सुरुङ्ग विरोधी कारवाहीको लागि थाइल्याण्डले सन् २००१ मा अमेरिकी डलर २२ लाख भन्दा बढी रकम प्राप्त गऱ्यो । श्रीलंकामा बढ्दो युद्धका कारण सन् २००० मा बारुदी सुरुङ्ग विरोधी कारवाहीहरु रोकिए भने सन् २००१ मा बारुदी सुरुङ्गको जोखिम संवन्धी शैक्षिक कार्यक्रमको लागि सानो रकम उपलब्ध भएको थियो । तर फेब्रुअरी २००२ मा युद्ध विराममा हस्ताक्षर भएपछि त्यहाँ बारुदी सुरुङ्ग विरोधि कारवाहीको लागि अमेरिकी डलर १७ लाख भन्दा बढी प्रदान गर्ने प्रतिवद्धता जाहेर भैसकेको छ ।

### बारुदी सुरुङ्ग पन्छाउने कार्य

सन् २००१ मा अफ्गानिस्तानका बारुदी सुरुङ्ग विरुद्ध काम गर्ने संस्थाहरुले त्यहाँका १ करोड ५६ लाख वर्ग मिटर बारुदी सुरुङ्ग विछ्याएको भूमि र अन्य ८ करोड १० लाख वर्ग मिटर अन्य युद्धमा प्रयोग गरिएको भूमिबाट बारुदी सुरुङ्ग पन्छाइ कूल २३०,०७७ AP Mine नष्ट गरेको थियो । सेप्टेम्वर ११, २००१ पछि अष्ट्रेलियामा बारुदी सुरुङ्ग पन्छाउने कार्य छोटो अवधिको लागि रोकियो र त्यसपछिका सैनिक युद्धले गर्दा बारुदी सुरुङ्ग बिरुद्धको कार्य नराम्ररी प्रभावित भयो । तर मार्च २००२ मा बारुदी सुरुङ्ग बिरुद्धको काम कारवाही फेरी पुरानै स्तरमा फर्कियो र त्यस पछि सन् २००१ को स्तर भन्दा माथि उठिसकेको छ । कम्बोडियामा सन् २००१ मा कूल २ करोड १८ लाख वर्ग मिटर भूमिबाट कूल २९,३५८ वटा AP Mine पन्छाइएको थियो । त्यसै गरी लावोसमा सन् २००१ मा ८७ लाख ४ हजार

वर्ग मिटर भूमिबाट कूल ८२,७२४ विस्फोटक पदार्थहरु पन्छाइएको थियो । भियतनामी सैनिकले पन्छाएको बारुदी सुरुङ्ग बाहेक सन् १९९९ – २००१ सम्म भियतनामको ३८ लाख वर्ग मिटर भूमिबाट बारुदी सुरुङ्ग पन्छाउने कार्यमा जून २००२ सम्ममा ४४ लाख वर्ग मिटर जमिनबाट बारुदी सुरुङ्ग हटाइएको छ । श्रीलंकामा युद्ध बिरामले बारुदी सुरुङ्ग विरुद्धको कार्य शुरु गर्न उलेख्य सहयोग पुऱ्याउन सक्छ र त्यहाँ हाल बारुदी सुरुङ्ग पन्छाउने कार्य श्रीलंकाली सैनिक र तामिल विद्रोहीहरुले गरिरहेका छन् ।

**बारुदीसुरुङ्ग जोखिम शिक्षा**

बारुदी सुरुङ्गबाट हुने जोखिम संवन्धी शिक्षाको टड्कारो आवश्यकता वर्मा, भारत, नेपाल र पाकिस्तानमा परेको प्रतिवेदनमा उल्लेख गरिएको छ । अफगानिस्तान, कम्बोडिया, लाओस, पाकिस्तान, श्रीलंका , थाइल्याण्ड र भियतनममा महत्वपूर्ण बारुदी सुरुङ्ग जोखिम संवन्धी शैक्षिक कार्यक्रम चालु रहेको छ भने वंगलादेश, भारत, दक्षिण कोरिया र नेपालमा निम्न स्तरमा यस्ता कार्यक्रम संचालित छन् । इरान र पाकिस्तानबाट फर्किएका शरणार्थीहरु सहित ७२९,३१८ नागरिकहरुले सन् २००१ मा अफगानिस्तानमा बारुदी सूरुङ्ग जोखिम संवन्धी शिक्षा प्राप्त गरे । वर्माको रंगुनमा फेब्रुअरी २००२ मा बारुदी सुरुङ्ग जोखिम शिक्षा समावेश गरिएको ३ दिने बारुदी सुरुङ्ग संवन्धी जानकारी दिने गोष्ठिको आयोजना गरियो । कम्बोडियामा Mine Action Centre Combodia ले अक्टोवर २००१ मा समुदायमा अधारित बारुदी सुरुङ्ग अत्याधिक विस्फोटक पदार्थको जोखिम संबन्धी पाइलट प्रोजेक्ट शुरु गऱ्यो । युएक्सओ लाओ (UXO LAO) सामुदायिक सचेतना समुहले सन् २००१ मा ७६६ गाँउका १८२,००० मानिसहरु संग भेटघाट गरे जसमध्ये ७५,००० बालबालिका थिए । थाइल्याण्डमा थाइल्याण्ड माइन एक्सन सेन्टर र तीन वटा गैर सरकारी संस्थाहरु मिली बारुदी सुरुङ्ग जोखिम संवन्धी क्रियाकलापहरु संचालन गरे जसमा ७७,००० व्यक्तिहरु समेटिएका थिए ।

**बारुदी सुरुङ्ग/ अत्याधिक विस्फोटक पदार्थबाट हुने क्षति**

एशिया प्यासिफिक क्षेत्रका १६ बारुदी सुरुङ्ग प्रभावित राष्ट्रहरु मध्ये १३ मा बारुदी सुरङ्गबाट मानिसहरु मारिएको र घाइते बनाइएको प्रतिवेदनमा उल्लेख छ । ती देशहरुमा अफ्गानिस्तान, वंगलादेश, वर्मा, कम्बोडिया, भारत, दक्षिण कोरिया, लाओस, नेपाल, पाकिस्तान, फिलिपिन्स, श्रीलंका, थाइल्याण्ड र भियतनाम पर्दछन ।

रेडक्रसको अन्तराष्ट्रिय समितिका अनुसार सन् २००१ मा आफगानिस्तानमा १,३६८ हताहत भएका थियो । जुन २००१ मा १,११४ थियो । बारुदी सुरुङ्ग विरुद्धको अभियान नेपाल (NCBL) का अनुसार सन् २००१ मा नेपालमा आईईडीबाट हताहत हुनेको संख्या ४२४ छ जुन सन् २००० को तुलनामा ५७% ले बृद्धि भएको छ । भारतमा सन् २००१ मा ३३२ हताहत भएकौ प्रतिवेदनमा उल्लेख छ भने जनवरी १ देखि जून १७, २००२ मा थप १८० बारुदी सुरुङ्गबाट हताहत भएका छन् । श्रीलंकामा विभिन्न श्रोतहरुबाट संकलित तथ्याङ्कका अनुसार सन् २००१ मा थप ३०० हताहत भएका छन् । पाकिस्तानमा सन् २००१ मा ९२ हताहत भएका छन् जुन सन् २००० मा ६२ मात्र थियो ।

कम्बोडियामा भने सन् २००१ मा हताहत हुनेको संख्या घट्ने क्रम जारी रहयो जहाँ ८१३ हताहत भएका थिए । त्यो संख्या सन् २००० मा ८४७ थियो । लाओसमा UXO लाओ ले जनाए अुसार सन् २००१ मा १२२ हताहत भएका थिए भने २००० मा उक्त संख्या १०३ थियो ।

**जीवितहरुको लागि सहयोग**

विश्व स्वास्थ्य संगठनका अनुसार अफगानिस्तानका ६५% जनताहरु स्वास्थ्य सेवाबाट वञ्चित छन् । कूल ३३० जिल्ला मध्ये केवल ६० जिल्लामा मात्र अपाङ्गहरुको लागि पुनर्स्थापना वा सामाजिक आर्थिक पुर्नएकता सुविधा प्राप्त छ र ती जिल्लामा पनि आवश्यकताहरु आंशिक रुपमा मात्र पुरा हुन्छन् ।

श्रीलंकामा होप फर चिल्ड्रेन नामक गैरसरकारी संस्थाले दुर्गम क्षेत्रमा सहयोग पुऱ्याउन घुम्ती कृतिम अंग उत्पादन र फिट गर्ने मोटर उपलब्ध गराएको छ।

अन्तराष्ट्रिय रेडक्रस (ICRC) का अनुसार वर्मा सन् २००१ मा विश्व भरिमै कृतिम अंग प्राप्त गर्ने १४ वटा राष्ट्रहरु मध्ये तेश्रो स्थानमा पऱ्यो । पहिलो र दोश्रोमा अफगानिस्तान र अंगोला पर्दछन् । लाओसको श्रम तथा समाज कल्याण मंत्रालयले ५ वर्ष पछि लाओ दिसेवल्ड पिपल्स अशोसियशन (Lao Disabled People's Associotion) लाई मान्यता दियो । भियतनाममा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम ४० प्रान्तबाट ४५ प्रान्तमा फैलिएको छ।

पिडितहरुलाई सहयोग संवन्धी दक्षिण एशियाली क्षेत्रीय सम्मेलन नोभेम्वर ६–८, २००१ मा ब्याङ्कमा भएको थियो । उक्त सम्मेलन बारुदी सुरुङ्ग पिडितहरुको बारेमा जनचेतना जगाउन र त्यस क्षेत्रका देशहरुमा राष्ट्रिय कार्ययोजनाको विकास गर्नमा सहयोग पुऱ्याउनु थियो।

## लयाण्माइन रिपोर्ट २००२ बाट प्राप्त मूख्य तथ्याङ्कहरु

### बारुदी सुरुङ्गको विश्वव्यापी उत्पादन

- क्यूबा, अमेरिका, रसिया, इजिप्ट, इरान, इराक, बर्मा, चीन, उत्तर कोरीया, दक्षिण कोरीया, पाकिस्तान, सिंगापुर, भेतनाम
- बारुदी सुरुङ्गको उत्पादन गर्नेमा इण्डिया र पाकिस्तान नयाँ राष्ट्रमा पर्दछन् ।
- बारुदी सुरुङ्गको उत्पादन र निर्यात बन्द गरीसकेका राष्ट्रहरु बेल्जीयम, बोस्नीया र हर्जेगोभिना, बुल्गेरीया, चेक रीपब्लिक, फ्रान्स, हन्गेरी, ईटाली, यूनाइटेड किंगडम हुन् ।

### बारुदी सुरुङ्गको विश्वव्यापी भण्डारण

- ९४ राष्ट्र भित्र २३०० लाख बारुदी सुरुङ्गको भण्डारण भएको ।
- बारुदी सुरुङ्गको बढी भण्डारण गर्ने राष्ट्रहरु उक्राइने, इथियोपिया, पोल्याण्ड र ग्रीस हुन्, यी मध्ये उक्राइनेले ६३.५ लाख बारुदी सुरुङ्ग भण्डारण गरेको बताएका छन् ।
- सबै भन्दा बढी भण्डाराण गर्ने राष्ट्रहरु
  चीन : ११०० लाख
  रसिया : ६००-७०० लाख
  अमेरिका : ११२ लाख
  पाकिस्तान : ६० लाख
  ईण्डिया : ४०-५० लाख
  बेलारस : ४५ लाख
- यी वाहेक बारुदी सुरुङ्गको बढी भण्डारण गर्ने राष्ट्रहरु इजीप्त, फिनल्याण्ड, इरान, इराक, इज्राएल, उत्तर कोरीया, दक्षिण कोरीया, सिएरा, टर्की, भेतनाम र यूगोस्लाभिया ।

### भण्डारणको नष्ट

- ६१ राष्ट्रहरुका ३४० लाख बारुदी सुरुङ्गको नष्ट गरीसकेका छन् ।
- ३३ वटा राज्य पक्ष राष्ट्रहरुले आफुले गरेका भण्डारण को नष्ट गरीसकेका छन् ।
- २२ वटा राज्य पक्ष राष्ट्रहरुले नष्ट गर्ने कार्य जारी राखेका छन् ।
- १७ वटा राज्य पक्ष राष्ट्रहरुले नष्ट गर्ने काम गरेका छैनन् ।
- ३४ वटा राज्य पक्ष राष्ट्रहरुले बारुदी सुरुङ्गको भण्डारण नगर्ने निर्णय गरीसकेका छन् ।

### प्रशिक्षण र बिकासको लागि बारुदी सुरुङ्ग राखिने

- १२५ राज्य पक्ष राष्ट्रहरु मध्ये ५१ राष्ट्रहरुले प्रशिक्षण र बिकासका लागि बारुदी सुरुङ्ग राखिएको छ ।
- ब्राजिल (१६,५५०), स्वीडेन (१३,९४८) र जापान (१२,५१३) ले सबै भन्दा बढी राखेका छन् ।
- २७ वटा राज्य पक्ष राष्ट्रहरुले १,००० देखि ५,००० सम्म राख्ने ।
- १० वटा राज्य पक्ष राष्ट्रहरुले ५,००० भन्दा बढी राख्ने ।
- ४१ वटा राज्य पक्ष राष्ट्रहरुले प्रशिक्षण र बिकासका लागि बारुदी सुरुङ्ग नराख्ने ।
- २७ वटा राज्य पक्ष राष्ट्रहरुले आफु संग राखे नराखेको कुरा खुलाएको छैन् ।
- ११ वटा राज्य पक्ष राष्ट्रहरु (अर्जेन्टीना, अस्ट्रेलिया, बुल्गेरीया, क्रोसिया, डेनमार्क, इक्वेडर, पेरु, स्लोभाकिया, स्लोभेनिया, स्पेन र थाइल्याण्ड) ले आफु संग रहेको बारुदी सुरुङ्ग घटाउँदै लागे निणर्य

गरेका छन् र ६ वटा राज्य पक्ष राष्ट्रहरुले १०,००० वा सो भन्दा बढी राख्ने तर त्यसलाई अत्याधिक मात्रमा घटाएर लाने ।

- राज्य पक्ष राष्ट्रहरुको २००१ को प्रतिवेदन अनुसार
  अस्ट्रेलिया : ११९
  बेल्जियम : ३३४
  ब्राजिल : ५
  बुल्गेरीया : ३२६
  क्यानाडा : ५९
  चेक रीपब्लिक : १०
  डेनमार्क : १५
  जमर्नी : १७९
  फ्रान्स : ४७
  दक्षिण अफ्रिका : ५०

**एन्टी पर्सनल माइन्स को बिदेशमा भण्डाराण**

- अमेरीकाले एन्टी पर्सनल माइन्स नर्वे (१,२३,०००), जापान (१,१५,०००), जमर्नी (१,१२,०००), कटार (११,०००), यूनाइटेड किंगडम (१०,०००) मा भण्डार गरेका छन् ।
- राज्य पक्ष राष्ट्रहरु इटाली र स्पेन बाट एन्टी पर्सनल माइन्स को भण्डारण हताइसकेका छन् ।

**बिश्वमा बारुदी सुरुङ्ग र UXO को समस्या**

- निम्न राष्ट्रहरु बारुदी सुरुङ्ग र UXO बाट प्रभावित छन् ।

| | | | |
|---|---|---|---|
| अल्बानिया | चेक रीपब्लिक | लाइबेरीया | एस ती कित्स् र नेभिस |
| अल्गेरिया | डेनमार्क | लाइचटेनसतीन | एस ती लुसीका |
| अन्डोरा | डिजिबौटी | लिथुआनिया | एस ती भिन्सेन्ट र ग्रीनादिनेस |
| अन्गोला | डोमिनिका | लक्सेमवर्ग | सामोआ |
| अन्तिगुवा र बुल्गेरीया | डोमिनिका रीपब्लिक | म्यासेडोनिया | सान मारीनो |
| अर्जेन्टीना | इक्वेडर | म्याडागास्कर | सावो टोमे प्रिन्सिप |
| अस्ट्रेलिया | इएल साल्भाडोर | माल्दिभ्स | सेनेगल |
| अस्ट्रीया | इब्वाटोरीएल गुइनिया | मलेसिया | सेसेल्स |
| बाहामास | इरिट्रीया | मालावी | सिएरा लिओन |
| बंगलादेश | इथियोपिया | माली | स्लोभाकिया |
| बार्बओस | फिजी | माल्टा | स्लोभेनिया |
| बेल्जीयम | फ्रन्स | मार्सल आइसल्याण्ड | सोलोमोन आइसल्याण्ड |
| बेलिज | गबोन | माउरीस | साउथ अफ्रिका |
| बेनिन | गम्बोडिया | माउरीतायोस | स्पेन |
| बोलिया | जर्मनी | मेक्सीको | सुडान |
| बोस्नीया र हर्जेगोभिना | घना | मोल्दोभा रिब्पिलिक | सुरीनाम |
| बोत्सवाना | ग्रीस | मोनाको | स्वाजील्याण्ड |
| ब्राजिल | ग्रीनाडा | मोजाम्बिक | स्वीडेन |

| | | | |
|---|---|---|---|
| बुर्नाइ दालुस्सलाम | ग्वाटेमाला | नामिवीया | स्वीजरल्याण्ड |
| बुल्गेरीया | गुइनिया | नाउरु | ताजीकिस्तान |
| बुर्किना फासो | गुइनिया-बिसाउ | नेदरल्याण्डस | थाइल्याण्ड |
| बुरुन्डी | गुयाना | न्यू जिल्याण्ड | टोगो |
| कम्वोडिया | हाइति | निकारागुवा | त्रिनिदाड र तोबागो |
| क्याम्रुन | होलि सी | नाइजर | तुनिसीया |
| क्यानाडा | होन्डुरास | नाइजेरिया | तर्कमेनिकतान |
| कापे भर्दे | हन्गेरी | नेरु | उगान्डा |
| चन्द | आइसल्याण्ड | नर्वे | उक्राइने |
| चीली | इन्डोनेसिया | पानामा | यूनाइटेड किंगडम |
| कोलम्बीया | आयरल्याण्ड | पाराग्वे | यूनाइटेड रिपब्लिक अफ टान्जानिया |
| कङगो | ईटाली | पेरु | उरुग्वे |
| कुक आइसल्याण्ड | जमाइका | फिलिपिन्स | भानुवातु |
| डि आर कङगो | जापान | पोल्याण्ड | भेनेजुयला |
| कोस्टा रिका | जोर्दन | पोर्चुगल | यमेन |
| कोट दिभोइरी | केन्या | कटार | जाम्बिया |
| कोएसिया | किरीबाटी | रोमानिया | जिम्वावे |
| साइद्रस | लेसोथो | रवान्डा | |

**बारुदी सुरुङ्गको नष्ट**

- सन् २००१ र २००२ को शुरु सम्म ७४ राष्ट्र र अरु दश क्षेत्रमा मानवता, आर्थिक वा सैनिक उद्देश्यको लागि बारुदी सुरुङ्ग नष्ट गरेका छन् ।
- बारुदी सुरुङ्गबाट प्रभावित १६ वटा राष्ट्रहरुमा सन् २००१ मा कुनै पनि नष्ट गर्ने कार्य भएन । ती राष्ट्रहरु : अर्मेनिया, चीन, क्यूबा, इराक, लाइबेरीया, लिब्या, मालावी, मङगोलीया, नेपाल, नाइजर, उत्तर कोरीया, पाकिस्तान, सिएरा लिओन, सोमालिया, स्वाजील्याण्ड र उगान्डा ।
- सन् २००१ मा बंगलादेश, नामिबीया र पाकिस्तान बाट कुनै नष्टको कार्य भएन ।
- एफ आर यूगोस्लाभिया बाट बारुदी सुरुङ्ग नष्ट गरेको नयाँ खबर आएको छ ।
- राष्ट्र र अन्तराष्ट्रिय NGO हरुले २४ वटा राष्ट्रहरु (अफगानिस्तान, अल्बानिया, अन्गोला, बोस्नीया र हर्जेगोभिना, कम्बोडीया, चन्द, कोस्टा रिका, क्रोसिया, डि आर कोंगो, इरीथ्रीया, ग्वाटेमाला, होन्डुरास, लाओस, लेबानन्, म्याकेडोनिया एफ वाई आर, मोजाम्बिक, निकारागुवा, श्रीलंका, सुदान भेतनाम, अबखाजिया, नागोर्नो काराबक, उत्तरी इराक र सोमालील्याण्ड) मा बारुदी सुरुङ्ग नष्ट गर्ने कार्य गरीरहेका छन् ।

**योजना तथा समन्वय**

सन २००१मा निम्न बमोजिम माइन प्रभावित देशहरुमा संयक्त राष्ट्र संधिय विकास कार्याक्रम (UNDP) राष्ट्रिय माइन कार्य समन्वय वा योजना क्षमताहरुको सहयोग तथा विकासमा सकृय थियो । ति मुलुकहरु हुन् : अल्वानीया, अंगोला, अजर वैजान, बोस्निया तथा हर्ज गोभिना, क्याम्बोडिया, चाउ, कोएसिया, इरिट्रिया, इथियोपिया, गुइनि, गुरानेविसाउ, इरान, लाओस् लेवनान, मोजामिविक, सोमालिया (सोमालील्याण्ड), श्रीलंका, थाइल्याण्ड र येमन ।

**माइन हटाउने प्रविधी अनुसन्धान विकास (आर एण्ड डि)**

जनवरी तथा मइ २००२मा भएको स्थायि समिती बैठकले अनुसन्धान तथा विकास समुदाय र स्थलगत अभ्यास कर्ताहरु विच घनिष्ठ सम्वन्ध स्थापित गर्ने कुराको बद्दो महत्व समझदारीलाई स्विकार गरेको थियो । ल्याण्डमाइनले अनुगमनले केहि मुलुकहरुमा विभिन्न अनुसन्धान तथा विकास आयोजनाहरु निश्चित गरेको थियो , तर माइन कार्य अभ्यासकर्ताहरुमा स्थलगत रुपमा यस्ता आयोजनाहरुको प्रयोग वा परिणाम निश्चित गर्न कठिनाई पाए । दाता राष्ट्रहरुको (इसिआइको जस्तै ) राष्ट्रिय प्रतिवेदनहरमा विभिन्न अनुसन्धान तथा विकास आयोजनाहरु सम्वन्धमा गरिएका छन् , र राष्ट्रिय प्रतिवेदनमा उल्लेखित आयोजनाहरु मध्ये केहिको हकमा परिक्षण समेत गरिएको छ ।

**माइनका खतरा सम्बन्धि केहि सचेतना कार्यक्रम (MRE)**

- अफगानिस्तान, अंगोला, इथिओपीया, क्रोएसिया, लाओस, सेनेगल, श्रीलंका, सुडान, थाइल्याण्ड र यमनका साथै कोसोभो, नागेर्नो – काराबार र सोमालील्याण्डमा सन् २००१ र सन् २००२ को पूर्वार्ध्द सम्ममा बढ्दो माइनको संख्यामा माइनको खतरा सम्वन्धि शिक्षा कार्यक्रमहरुको मुल्यांकन भए ।
- कोलम्बिया, इराक, म्यासेदोनीया, पूर्व युगोस्लाभियाई गणतन्त्र, निकरागुआ, पाकिस्तान, पेरु, श्रीलंका, ताजिकिस्तान र भियतनाममा नयाँ माइनका खतरा सम्बन्धि सचेतना कार्यक्रहरु शुरु गरिए ।
- इथियोपिया, युगोस्लाभिया र कोस्तारिकामा संचालित माइनका खतरा सम्वधि सचेतना कार्यक्रमहरु गरिए ।
- अंगोला, बर्मा, चाउ, जर्जिल, भारत, इरान, नेपाल, सोमालिया, प्यालेष्टाइनमा थप माइन सचेतन कार्यक्रमहरुको आवश्यकता छ ।
- बुरुन्डि, मिश्र, केन्या, साइवेरिया, सिएर लिओन्, टर्कि, उज्वेकिस्तान र पश्चिमि सहारामा माइन सचेतना कार्यक्रमहरु संलग्न थिएनन् ।

**माइन सचेतना कार्यक्रमका प्रमुख संस्थाहरु :**

ति संस्थाहरुमा अन्तराष्ट्रिय रेडक्रस, हेयण्डिकेप इन्टरनेशनल, अन्तराष्ट्रिय बाल बचाउ गठबन्धन (बाल बचाउ स्विडेन, बेलायत र अमेरिका ), माइन सल्लाह समुह, ह्याण्डिकेप इन्टरनेसनल बेल्जियम रहेका छन् ।

मध्य अमेरिकामा, ल्याण्डमाइन्सबाट प्रभावित केहि मुलुकहरुमा अमेरिकी राज्यहरुको संगठन (OAS) सकृय छ ।

**लायण्डमाइनका घटनाहरु : आवश्यकता र सहयोग**

ल्याण्डमाइन/UXO विस्फोटनको घटनाले व्यक्तिलाई विभिन्न रुपले घाइते तुल्याउन सक्छ जसभित्र खुट्टाको नोक्सानी, पेट, छाती र ढाड भाँचिने, अन्धोपन, बहिरो र कम देख्ने घटनामा घाइते हुने व्यक्तिलाई मात्र होइन त्यस्तो घटनामा घाइते वा मर्ने हरुको परिवारमा समेत मनोवैज्ञानिक चोट पुग्दछ ।

**बाच्ने/ पिडित सहयोग**

माइन प्रतिवन्ध सन्धि स्थायी समितीले पिडित सहयोग एवं सामाजिक आर्थिक पुन एकिकरण सम्बन्धमा ल्याण्डमाइन्सबाट पिडितहरुका नीम्ति सहयोग पुऱ्याउने सम्बन्धमा एउटा सामग्रिक एवं एकिकृत अवधारणा विकास गरेको छ । जस्तो ल्याण्डमाइनस पिडितहरुको तिन तहगत रुपमा परिभाष गरेको छ । यस्को अर्थ पिडित भित्र प्रत्यक्ष प्रभावित व्यात्तिहरु उनिहरुका परिवारहरु र माइन प्रभावित समुदायहरु व्यापक कृयाकलापहरु पर्दछन् जसले व्यात्तिहरु, परिवार र समुदायहरुलाई फाइदा पुग्दछ ।

# पाठक महानुभावहरूमा हार्दिक अनुरोध

१) यस पुस्तकको बिषयमा आफ्नो प्रतिकृया लेखेर पठाउन हुन ।

२) आफूले सुनेका, देखेका, भोगेका घटनाहरु बारे विवरण लेखेर पठाउनु हुन।

३) आफूले देखेको बारुदी सुरुङ्गको किसिम (नाम), देखेको ठाउँको नाम (जिल्ला / गाउँ / नगर, वडा, टोल) र बारुदी सुरुङ्गहरुका फोटोहरु पठाउन हुन ।

४) बारुदी सुरुङ्गबाट घाइते वा मर्नेहरुको विवरण (नाम, वर्ष, पेशा, ठेगाना, घट्ना घटेको ठाउँ र घटनाको बिवरण समेत) पठाउन हुन ।

५) बारुदी सुरुङ्ग बाट स-साना केटाकेटीहरु र सर्व साधारण व्यक्तिहरु सजिलै संग शिकार हुने हुँदा बाटोघाटो, धारो पँधेरो, चउर, खेत-गरा, घर-गोठ आदि ठाउँहरुमा भेटिएका पोको, नौलो, अनौठो लाग्ने वस्तुहरु छुन, टिप्न, खेल्न, चलाउने कुरामा सतर्क राखी वारुदी सुरुङ्गवाट वचाउन सर्वसाधारणमा चेतना अभिवृद्धि गर्न ।

(द्रव्दष्य : ३ र ४ को विवरण पठाउँदा कृपया आफ्नो नाम, ठेगाना, प्राप्त भएको मिति, प्राप्त भएको श्रोत लेखेर पठाउन नभुल्नु होला ।)

"हामी तपाईहरू प्रति सँधै आभारी रहने छौं ।"